# सिपाही

पाक्षिक

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो
जिउँदो रगत सरी यो बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो झुकेन यो कहिल्यै
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मदै जगतमा कैयौं प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

वर्ष ९ | अङ्क २४ | पृष्ठ ८+४ (श्री खड्गदलको अतिरिक्ताङ्कसहित) | १ भदौ २०७१


## पहिरोको पीडामा सिन्धुपाल्चोक

# उद्धार कार्यमा नेपाली सेना सक्रिय



सिन्धुपाल्चोकको माङ्खा र राम्चेमा गत १७ साउनमा गएको भीषण पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी र पहिरो पन्छाउने कार्यमा नेपाली सेना सोही दिनबाट निरन्तर सक्रिय छ। प्रतिकूल अवस्थाका बाबजुद सेनाले पहिरोको भग्नावशेषबाट ३३ जनाको शव निकालेको छभने घाइते र विस्थापितहरुलाई राहत वितरण पनि जारी राखेको छ। सो पहिरोमा परी बेपत्ता भएका एक सय २३ जनालाई भने खोजी असम्भव भएपछि मृत घोषित गरिएको छ।

पीडितहरुको उद्धारसँगै अवरुद्ध कोदारी राजमार्ग खुलाउने र सुनकोशी नदी थुनिएर बनेको ताल खुलाउने कार्यमा नेपाली सेनाको टोली केन्द्रित भएको छ। नदी थुनिएर बनेको ताल खुलाउन हालसम्म सेनाले ५७ पटक विष्फोटक पदार्थ प्रयोग गरेको छ। सेनाले तालको पानीलाई नियन्त्रितरुपमा खोल्ने क्रममा पहिरो गएकै दिन दुई पटक, १९ गते दुइ पटक, २० गते दुई पटक, २२ गते पाँच पटक, २३ गते नौ पटक, २४ गते सात पटक, २५ गते आठ पटक, २६ गते छ पटक, २७ गते आठ पटक, २८ गते छ पटक र २९ गते तीन पटक विस्फोटक पदार्थ प्रयोग गरेको छ। सो प्रयासपछि हाल थुनिएको तालको पानीको बहाव दिनप्रतिदिन बढ्दै गएको छ। साउन २९ गते दिउँसोसम्म सुनकोशी नदीको भित्री बहाव ३२० क्यूसेक र बाहिरी बहाव ५३० क्यूसेक रहेको छ।




तालको पानी निकास गराउने कार्यलाई थप प्रभावकारी बनाउन नेपाली सेनाको एम.आई. १७ हेलिकोप्टरबाट ड्याम साईटमा पुऱ्याइएका दुईवटा एक्स्काभेटरहरुबाट पनि हाल काम भइरहेको छ। विपद् व्यवस्थापनसँग सरोकार राख्ने सम्वद्ध पक्षहरुसहित नेपाली सेनाको क्षति मूल्याङ्कन टोलीले हवाई तथा स्थलगत निरीक्षण गरे पश्चात् सेनाको विशेष टोलीले पहिरोको कारणले रोकिएको नदीको बहावलाई नियन्त्रित रुपमा बहाव सुचारु गरी क्षतिलाई न्यूनीकरण गर्न १७ गतेबाटै काम थालेको थियो।



यसैबीच, नेपाली सेनाद्वारा जारी उद्धार कार्य निरीक्षणका लागि साउन २० गते बलाधिकृत रथी श्री पवन बहादुर पाण्डे उक्त स्थानमा पुग्नुभइ वस्तुस्थितिको जानकारी लिनुका साथै फौजलाई आवश्यक निर्देशन दिनुभएको थियो। राम्चेको जुरे इलाकामा गएको सोही पहिरोकै कारण चीनसँग जोडिएको एक मात्र तातोपानी नाका पनि विगत दुई हप्तादेखि अवरुद्ध छ। बाह्रबिसे, तातोपनी लगायतका स्थानमा ओहोरदोहोर गर्ने सर्वसधारणहरुले पाएको सास्तीसँगै नेपाल-चीन ब्यापार समेत ठप्प भएपछि सेनाले वैकल्पिक मार्ग खोल्न थालेको छ। हाल नेपाली सेनाले पहिरो गएको स्थानभन्दा पारीपट्टीबाट वैकल्पिक सडक मार्ग खोल्न थालेको हो। साउन २७ गतेबाट सेनाले शुरु गरेको ट्र्याक खोल्ने कार्यमा २९ गतेसम्ममा २०० मीटर खोलिसकिएको छ।

सुनकोशीको बहावलाई पूरानै अवस्थामा फर्काउन, वैकल्पिक मार्गको ट्र्याक खोल्न, पहिरो हटाउन तथा पहिरो पीडित स्थानीय बासिन्दाहरुलाई राहत तथा सुरक्षाको लागि नेपाली सेना प्रयासरत छ। यसका लागि नं.२६ वाहिनी अड्डाका वाहिनीपति सहायक रथी अश्मीन कुमार थापाको नेतृत्वमा ५०० भन्दा बढी फौज प्रतिकूल मौसमको बाबजुद पनि उद्धार तथा राहत कार्यमा जुटिरहेका छन्।

# नेपाली सेनाको मूलग्रन्थ विमोचन




साउन २८ गते प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.ले जङ्गी अड्डामा आयोजित एक समारोहका बीच नेपाली सेनाको मूलग्रन्थ (Nepalese Army Doctrine) विमोचन गर्नुभएको छ।

नेपाली सेनालाई राष्ट्रिय सुरक्षा परिवेश अनुकूल समय सापेक्ष बनाउँदै लैजाने उद्देश्यका साथ प्रधान सेनापतिको कमाण्ड मार्ग निर्देशन अनुसार वर्तमान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा निर्वाह गर्नुपर्ने भूमिकाहरुलाई दृष्टिगत गरी 'नेपाली सेनाको मूलग्रन्थ–२०७०' प्रकाशनमा ल्याईएको हो। यो मूलग्रन्थ सेनाको जिम्मेवारी तथा भूमिका, युद्धदर्शन, सिद्धान्त एवं अवधारणामा केन्द्रित रही १२ भागमा विभक्त गरिएको छ। जस अन्तर्गत सैनिक इन्टेलिजेन्स, तालिम, प्रतिविद्रोह, विश्व शान्ति स्थापना कार्य, प्रकृति संरक्षण, विपद् जोखिम व्यवस्थापन, राष्ट्र निर्माण तथा विकास, नेतृत्व, सैनिक हवाई सेवा, कल्याणकारी तथा लजिष्टिक जस्ता प्रधान विषयहरुलाई उक्त मूलग्रन्थमा समावेश गरिएको छ।

नेपालको अन्तरिम संविधान २०६३, राज्यका निर्देशक सिद्धान्त, नीति तथा राष्ट्रिय मान्यताहरु, सैनिक ऐन, विगतका अनुभवहरु, सर्वमान्य सिद्धान्त एवं अवधारणाहरु, नेपाली सेनाले व्यवहारमा लागु गर्दै आएका सिद्धान्तहरु लगायत प्रधान सेनापतिको मार्ग निर्देशनमा आधारित भई यो मूलग्रन्थ तयार गरिएको छ ।

नेपाली सेनाले आन्तरिक गृहकार्य एवं राष्ट्रिय सुरक्षा मामिला विज्ञ र रक्षा मन्त्रालयका पदाधिकारीहरु समेतबाट प्राप्त सुझावहरुलाई समावेश गरी यो मूलग्रन्थ तयार गरेको हो। यस मूलग्रन्थले राष्ट्रिय हित एवं सुरक्षा जस्तो गहन विषयलाई परिभाषित गर्दै सबैमा साझा सोचको विकास गर्नुका साथै भविष्यमा नेपाल सरकारले निर्माण गर्ने 'वृहत् राष्ट्रिय सुरक्षा नीति' (Comprehensive National Security Policy) का लागि समेत सहयोगी सामग्रीको रुपमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास नेपाली सेनाले लिएको छ।

## उद्धार कार्यका थप झलकहरू















**प्रबन्ध निर्देशकः** महा सेनानी निरञ्जन कुमार श्रेष्ठ

**प्रधान सम्पादकः** प्रा. महा सेनानी ईश्वर कुमार श्रेष्ठ

**सम्पादकः** प्रा. प्रमुख सेनानी केशव बर्तौला

**सह-सम्पादकः** सह-सेनानी भैरव लिम्बु

**प्रकाशकः** श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा,
प्रचार-प्रसार शाखा, जङ्गी अड्डा,

**फोनः** ०१-४२४१७३१, E-MAIL :- sipahipatrika@gmail.com

WEBSITE :-www.nepalarmy.mil.np

१ भदौ २०७१/17 th Aug. 2014

- कुनै कुरामा सफलता पाउँन खराब सोच त्याग्नु पर्छ। त्याग्नु पर्छ पुरानो सोच, ल्याउनु पर्छ नयाँ सोच, नयाँ दृष्टिकोण। - स्वेटमार्डन

- सेना हाम्रो मुलुकको सच्चा शान हो। - नेपोलियन तृतीय

## सम्पादकीय

# उद्धार कार्यमा नेपाली सेना

साउन १७ गते सिन्धुपाल्चोकको जुरेमा गएको भीषण पहिरोका कारण निम्तिएको अकल्पनीय विपद्को क्रममा उद्धार तथा क्षति न्यूनीकरणसँग सम्बन्धित अन्य विविध कार्यहरुमा नेपाली सेना सक्रियरुपले लागिपरेको छ। यसक्रममा १७ गतेबाटै नेपाली सेना मुख्यरुपमा खोज तथा उद्धार कार्यमा निरन्तररुपमा घटनास्थलमा तदारुकताका साथ खटिरहेको छ। पुरै बस्ती नै सखाप हुने गरी गएको सो पहिरोमा पुरिएका ३३ जनाको शव उत्खनन् गरी निकालिएको छभने घाइतेहरुलाई शीघ्र उपचारको लागि अस्पताल पुऱ्याउने कार्य भएको छ।

कैयौं घरहरु, जग्गाजमीन बग्नुका साथै डेढ सयभन्दा बढीको संख्यामा मानिसहरुको ज्यान जानेगरी गएको यो पहिरोको असर त्यतिमा मात्र सीमित रहेन, पहिरो खसी सुनकोशीमा थुप्रिएको ढुङ्गा माटोका कारण बनेको बाँधले विपद्को अर्को डरलाग्दो परिदृश्य खडा गऱ्यो। बाँधसँगै माथिल्लो तटीय क्षेत्रमा करीब ३ किलोमिटरसम्म पानी जम्दा भएको डुबान र तल्लो तटीय क्षेत्र कोशी नदीसम्मैका बासिन्दाहरुमा बाँध फुटेर हुनसक्ने सम्भावित क्षति मुख्य चुनौतीको रुपमा देखा पऱ्यो। यस विषम एवं जटिल परिस्थितिकाबीच सम्पादन गर्नुपर्ने उद्धार कार्य कति संवेदनशील र चुनौतीपूर्ण हुन्छ भन्ने कुरा क्रमशः आम जनमानसमा प्रष्ट हुँदै गएको छ। यस्तो परिस्थितिकाबीच नेपाली सेना अहोरात्र उद्धार कार्यमा खटिरहेको छ। अझ यस विपद्सँगै जोडिएर आएका अन्य परिस्थितिहरुलाई हेर्ने होभने पहिरोका कारण पूर्णरुपमा सम्पर्क विच्छेद भएको नेपाललाई चीनसँग जोड्ने कोदारी राजमार्गलाई खुलाउने कार्यमा समेत नेपाली सेनाले जिम्मेवारी लिएको छ। यसक्रममा नेपाली सेनासँग उपलब्ध एक्रो ब्रिजहरु प्रयोग गरी वैकल्पिक मार्ग खुलाउने कार्यमा सेना अघि बढी सकेको छ। राष्ट्रिय विपद्हरुको दौरान 'फस्ट रेस्पोन्डर'को रुपमा रहेको नेपाली सेनाद्वारा जारी यो व्यापक स्तरको उद्धार कार्य यस अर्थमा बहुआयामिक छ।

नेपालको विशिष्ट भौगोलिक बनावट र मनसुनी हावापानीको कारण यो समयमा बाढी, पहिरो, डुबान, कटान आदि नेपाली जनजीवनमा अपेक्षित घटनाक्रमकै रुपमा रहन्छन् तर सिन्धुपाल्चोकको जुरेमा गएको पहिरोसँगै बनेको बाँध र त्यसमा थुनिएर जमेको विशाल ताल प्राकृतिक विपद्जन्य घटनाहरुमध्ये आफैँमा विशेष रह्यो। त्यसो त हरेक विपद्का घटनाहरु आफ्नै विशेषतायुक्त हुन्छन्। प्राकृतिक तथा मानवसृजित हरेक खालका विपद् व्यवस्थापनको लामो अनुभव रहेको नेपाली सेना यतिखेर सुनकोशीमा भएको विपद्लाई जतिसक्दो चाँडो व्यवस्थापन गर्न क्रियाशील छ। धनजनको अकल्पनीय क्षतिसहित आएको यो विपद्को दौरान नेपाल सरकारको निर्देशनबमोजिम नेपाली सेना अत्यन्तै संवेदनशील भएर खटिरहेको छ। यद्यपि प्रारम्भमा सरकारी तहमा यसको व्यवस्थापनमा आन्तरिक सुरक्षा निकायहरु को निर्भरता मात्रै पर्याप्त हुने होकि होइन भन्ने केही संशय विद्यमान रहेका थिए र अहिले पनि बाँध खोल्ने कार्य सुस्त भएको केही गुनासोहरु नसुनिएका होइनन् तर यी संशयहरु घटनाक्रमसँगै क्रमिकरुपमा निराकरण हुँदै गएका छन्।

यस विपद् व्यवस्थापनको क्रममा प्रथमतः पहिरोको कारण बनेको बाँधसँगै जमेको पानीलाई चाँडोभन्दा चाँडो निकास दिने जस्तो जटिल प्राविधिक कार्य एकातिर छभने अर्कोतिर यसलाई चाँडो निकास दिन हतार गर्दा तल्लो तटीय क्षेत्रमा हुनसक्ने सम्भावित क्षतिलाई बेवास्ता गर्नै नसकिने स्थिति छ, अतः परिस्थितिको यो गाम्भीर्यतालाई मध्यनजर राख्दै नेपाली सेनाले अत्यन्त सावधानीपूर्वक आफ्नो कार्य अगाडि बढाइरहेको छ। त्यसैगरि अवरुद्ध कोदारी राजमार्गलाई सुचारु गर्न तत्काल वैकल्पिक मार्ग निर्माण गर्ने जस्तो गहन कार्य एकसाथ अगाडि बढाउनु पर्नेछ। वास्तवमा यो चुनौतीपूर्ण कार्यमा नेपाली सेनाप्रतिको राष्ट्रिय अपेक्षा एवं निर्भरता यहाँ उल्लेखनीय रहेको देखिन्छ। हरेक प्रकारका राष्ट्रिय सङ्कट तथा विपद्हरुको दौरान अन्ततः मुलुकको प्रमुख सुरक्षा बलको रुपमा नेपाली सेनाको पहलकदमी अपेक्षित रहने गर्दछ र सोहीअनुरुप नेपाली सेना आफ्नो जिम्मेवारी पूरा गर्न दृढतापूर्वक लागि परेको छ। अतः सुनकोशीमा जारी यस सङ्कटमा नेपाली सेनाको वृहत उद्धार अभियानले चाँडै सार्थकता पाउनेमा विश्वस्त हुन सकिन्छ।

# व्यायामको आवश्यकता

**तपाईंको स्वास्थ्य**

आजभोलि प्रातकालीन यात्रा गर्ने, योग गर्ने, नृत्य गर्ने, जिम गर्ने, खेल खेल्ने आदि गरेको देख्नु नौलो होइन। यसो गर्नेहरु फू र्तिला र जाँगरिला नहुने कुरै भएन।

मान्छेको आवश्यकता खाना मात्र होइन। न त काम मात्र गर्नु नै हो। न त जे मन लाग्छ त्यही गर्नु नै हो। तपाई मोटो हुनुहुन्छ भने व्यायाम तपाईंको हितकारी साथी अवश्य हुनेछ र तपाई युवा हुनुहुन्छ भने पनि तपाईंलाई यो राम्रो मित्र हुन सक्छ।

उमेर अनुसारको तौल, उचाई आदिको उपयुक्त सन्तुलन नभएमा अस्वस्थ मान्न सकिन्छ। त्यसको उपचार सन्तुलित खानपिन र व्यायाम नै हुन सक्छ। आजभोलि धेरै मोटा मानिसहरु देखिन थालेका छन्। कतिपयलाई यसले खासै समस्या नदिएपनि धेरैलाई रोगी बनाई दिन्छ। कोही बच्चादेखि नै धेरै मोटा देखिन्छन् यसको कारण धेरै खानु, सहजै पच्ने बजारिया खाना खानु, व्यायामको कमी हुनु आदि हुन्।

व्यायाम नगर्नेमा मोटोपन, मधुमेह, उच्च रक्तचाप, हृदयघात, मस्तिकघात, पक्षघात र निःसन्तान हुने जस्ता लक्षण देखिन्छन्। नियमित व्यायाम गर्नेहरु कुनै नराम्रो अम्मलमा फस्ने सम्भावना कम हुन्छ। विभिन्न किसिमका मानसिक समस्या हुने सम्भावना पनि कम हुन्छ।

तपाईंमा मोटोपनाको समस्या छ वा छैन भन्ने थाहा पाउनको लागि वा व्यायाम आवश्यक छ कि छैन भनि थाहा पाउन सामान्यतया निम्न दुई नाप गर्नु पर्ने हुन्छ।

**१. कम्मर र नितम्ब (हिप) को अनुपातः** नाभी हुँदै कम्मरको नाप लिनुहोस्। नितम्बको बढी उठेको भागबाट नितम्बको नाप लिनुहोस्। कम्मरको नापलाई नितम्बको नापले भाग गर्नुहोस्। यदि नतिजा पुरुषमा ०.९० र महिलामा ०.७ भएको राम्रो हुन्छ। बढी छ भने तपाईंको तौल बढी रहेको छ वा बढेको छ भन्ने बुझिन्छ। अब तपाईंले खानपिनमा ख्याल गर्ने र व्यायामको थालनी गर्नुपर्ने हुन्छ।

**२. शारीरिक भारतौल सुचक :** तपाईंको तौल १ के.जी बराबर १ इन्च भएमा राम्रो मानिन्छ। यदि सो भन्दा अधिक भएमा तपाईंलाई विभिन्न रोगले सताउन सक्दछ। तसर्थ तौल घटाउन व्यायाम गर्नुपर्ने हुन्छ।

व्यायाम राम्रो हो भन्ने थाहा भएकामध्ये केहीलाई भने केही बाहना मिलिहाल्छ र व्यायाम गरिरहनु पर्दैन। लाग्छ यो उनीहरुले कसैको लागि गरिरहेका छन्। समय छैन, राम्रो ठाउँ छैन, वातावरण छैन आदि जवाफ आउनु नौलो होइन। पहिले पहिले हात नधुनाले, नङ्ग नकाट्नाले, वा सरसफाइको कमिले मात्रै रोग लाग्छ भन्ने कुरा आउथ्यो। अब सामाजिक-आर्थिक परिवर्तनसँगै व्यायामको कमिले भन्ने कुरा विकसित हुँदैछ। अल्पविकसित बस्तीहरुमा भने अझै यो समस्या यथावत छ। सफा खानेपानी र चर्पीको अभावको समस्या पनि छन्। उपयुक्त पोषणको अभाव जस्ता समस्या पनि कायमै छन्। यी सबैको मूल कारण भनेको गरिबी हो र उपयुक्त चेतना वा शिक्षाको कमि र अभाव हुनु पनि अर्को कारण हो। यो समस्या कसैलाई गाली गरेर मात्रै हल हुने समस्या होइन। सबैमा उत्तरदायित्वको भावना विकसित भएमा मात्र यी कुराको हल निस्कन सक्छ।

व्यायाम जीवनको आवश्यकता हो। हाम्रा गाउँघर जंगलका ऋषिहरुले गर्ने योग र बुद्धले गर्ने ध्यानलाई अहिले धेरैले अनुसरण गर्छन्, विशेषगरी पश्चिमाहरु। उनीहरुले यसलाई राम्रो उपयोग गरेका छन्। हितकारी कुरा जुनसुकै स्थानमा उत्पत्ति भएको भएपनि उपयोग गर्नु राम्रो खुबी हो। हामीहरु ति पुर्खाका सन्तति हौं जो सफा वातावरणमा बाँच्दैछौं।

पश्चिमी समाजमा खेललाई हाम्रोमा भन्दा धेरै प्राथमिकता दिन्छन्। हामी कहाँ अझैपनि अधिकांश समय सुतेर, गफ गरेर, तास खेलेर बित्ने गरेको पाइन्छ। हामीले चाहेमा त्यो समयलाई सृजनात्मक रुपले व्यायाम गर्नमा लगाउन सक्छौं।

देशको अर्थतन्त्रमा स्वस्थ र सबल नागरिकले राम्रो योगदान दिन सक्छन्। त्यसैले पनि होला विकसित देशमा सरकारीस्तरबाटै व्यायामको लागि पहल भएको पाइन्छ। व्यायाम क्रिया हो जसबाट शरीर बलियो हुन्छ। यसलाई ठिक्क मात्रामा गर्नाले स्फूर्ति पैदा हुन्छ, काम गर्ने शक्ति बढ्छ, कष्ट सहने शक्ति दिन्छ, विकृत पदार्थलाई कम गर्छ, खानामा रुचि र पाचन क्षमता पनि बढ्छ। विशेषगरि रोग लागेको व्यक्तिलाई व्यायामका अनेकौं फाइदा छन्। जसले विभिन्न रोग लाग्नबाट बचाउँछ। कतिपय अवस्थामा रोगबाट छुटकारा मिल्नका लागि पनि व्यायाम गर्नुपर्ने स्वास्थ्यकर्मीहरुले सल्लाह दिने गर्छन्। नियमित व्यायाम गर्नाले श्वासप्रवास, रक्तसंचार, मांशपेशी तथा अस्थीसन्धि प्रणालीमा राम्रो प्रभाव पर्दछ। व्यायाम गर्नाले हानिकारक हुनसक्ने पदार्थको कमी हुँदै जाने हुन्छ। जसको फलस्वरुप जटिल किसिमका रोग लाग्ने सम्भावना घट्छ। उचित समयमा उपयुक्त खानपिन र उपयुक्त व्यायाम, उपयुक्त आराम यी कुराको ठीक सन्तुलन नै सुखी, निरोगी र सुन्दर जीवनको शुत्र हो। धेरै अनुसन्धानले पनि यी कुरालाई प्रमाणित गरेका छन्। विश्व स्वास्थ्य संगठनले पनि शारीरिक रुपले सक्रिय नहुनुलाई मृत्युको चौथो ठूलो कारण मानेको छ। उसले सबै ठाउँका र सबै उमेर समूहका व्यक्तिले उपयुक्त किसिमको व्यायाम गर्नु वा शारीरिक रुपले सक्रिय हुनुपर्ने आवश्यकता मानेको छ।

**त्यसो हो भने, अब गर्नु परेन त व्यायाम ?**

योग गरेर र ध्यानमा बसेर शरीर तथा मनलाई हलुको बनाउन सकिन्छ। विचारलाई ठोस मार्ग दिन, तनाव हटाउन, मनका मैला हटाउन सकिन्छ। खेलकुदमा अनुशासन भनेझैं योग मा 'यम' तथा 'नियम' भनिन्छ। व्यायाम गर्दा खाना खाएर, कसिलो कपडा लगाएर, ज्यादै पातलो वा ज्यादै बाक्लो कपडा लगाएर पनि गर्नुहुँदैन। व्यायामको मात्रा विस्तारै बढाउँदै लैजानुपर्छ। गुरु वा तालिम प्राप्त व्यक्तिसँग सिकेर गर्नु राम्रो हुन्छ। केही दिनमै शरीरमा चमत्कारी परिवर्तन ल्याउने भन्दै जथाभावी तरिकाले व्यायाम गर्नाले भने लाभको सट्टा हानी हुन सक्छ।

(साभारः भलाकुसारी द्वैमासिक पत्रिका वर्ष २३, अंक ११९)

## सैनिक इतिहास
**साभार : नेपालको सैनिक इतिहास भाग-१**

**अघिल्लो अंकबाट क्रमशः**

शंखमणि रानाको मृत्युको खबरले उनीहरुको मनोवल गिरिसकेको थियो। गोरखाली सेनाको अगाडि अब उनीहरुको केही चल्दैन भन्ने कुरा उनीहरुले बुझिसकेका थिए। अतः उनीहरु पनि भागाभाग गर्दै बेलकोटमा पुगे। पृथ्वीनारायण शाहले विना कुनै प्रतिरोध नुवाकोट गढीमा प्रवेश गरे।

महामण्डलको आड कब्जा गरेपछि कालु पांडेले केही फौज त्यही तैनाथ गरी आफू एउटा सानो फौज लिई अशोकबारीको बाटो नुवाकोट गढीतिर लागे। त्यस्तै महोद्दाम कीर्ति शाह पनि आफ्नो फौजसहित अर्को बाटो नुवाकोट गढीतर्फ पृथ्वीनारायण शाह समक्ष उपस्थित हुन ओर्ले उता पृथ्वीनारायण शाहले पनि बिना कुनै रोकटोक तीनधारे मुल बाटोबाट गढीमा प्रवेश गरे। तीनैतिरबाट आएका फौज एकै ठाउँमा एकत्रित भए। सम्पूर्ण फौज लिई पृथ्वीनारायण शाहले सर्वप्रथम श्री नुवाकोट भैरवीको दर्शन गरे र त्यसपछि ज्योतीषीको सल्लाहअनुसार नुवाकोट दरबारमा प्रवेश गरे। यस प्रकार बिहान हुँदा नहुँदै नुवाकोटमाथि गोरखालीहरुको पूर्ण कब्जा भइसकेको थियो। यस विजयबाट गोरखालीहरुको मनोबल झन बढ्न गयो।

**कीर्तिपुरको लडाइँ**

पृष्ठभूमि : नुवाकोटमाथि पृथ्वीनारायण शाहले कब्जा गरेपछि पश्चिमतिरबाट काठमाडौ उपत्यकाको प्रवेश मार्ग र तिब्बतसँगको मल्ल राजाहरुको प्रमुख व्यापारिक मार्गमाथि गोरखालीहरुको नियन्त्रण हुन गयो। त्यसपछि पृथ्वीनारायण शाहले एकैचोटी काठमाडौ उपत्यकाभित्रका मल्ल राज्यहरुमाथि आक्रमण गर्नुभन्दा उपत्यका वरिपरिका डाँडाहरुका मुख्य-मुख्य ठाउँहरुमा आफ्नो नियन्त्रण कायम गर्ने योजना बनाए। यो योजना उनले ज्यादै विचार गरेर बनाएका थिए। शत्रुपक्षभन्दा आफू उच्च स्थानमा रहेर आक्रमण गर्दा शत्रुको गतिविधिमाथि सदा निगरानी पनि भइरहने र लडाइँ भएको खण्डमा पनि शत्रुपक्षलाई हराउन सजिलो पर्ने कुरा पृथ्वीनारायण शाहले नुवाकोटको लडाइँदेखि नै मनमा लिइसकेका थिए। अतः उनले काठमाडौं उपत्यकामा सीधै आक्रमण गर्नु भन्दा अघि चारैतिरका डाँडाहरुमाथि कब्जा गर्ने कार्य शुरु गरे। उनको योजनाको प्रथम चरणमा नुवाकोटदेखि पूर्वमा कान्तिपुर राज्यअन्तर्गत रहेका सिन्धुपाल्चोक काभ्रेपलान्चोक र दोलखा जिल्ला अनि तामाकोशीदेखि पूर्वपट्टि दूधकोशी सम्मको विस्तृत भुभागमाथि कब्जा गरेर कान्तिपुर राज्यलाई काठमाडौ उपत्यकाभित्र मात्र सीमित गराउने विचार गरेका थिए। सोही योजनाअनुरुप ई.सं. १७४६ सम्ममा पृथ्वीनारायण शाहले कान्तिपुर राजयको उत्तर-पूर्वमा अग्लो ठाउँमा रहेका नालदुम र महादेवपोखरी नामक दुई प्रमुख गढीहरुमाथि कब्जा जमाए र त्यसभन्दा पूर्वतिरका दूधकोशीसम्मका भूभाग कान्तिपुर राज्यबाट अलग गरी भक्तपुर राज्यमा गाभिदिएर भक्तपुरका राजा रणजीत मल्ललाई थामथुम पारे। कान्तिपुर राज्यका उक्त भागहरु भक्तपुर राज्यमा गाभिएपछि कान्तिपुर र भक्तपुरको मनोमालिन्य झन बढ्न गयो। यस आपसी झगडाबाट कालान्तरमा गोरखालाई फाइदा नै हुनेछ भन्ने पृथ्वीनारायण शाहले राम्ररी बुझेका थिए।

काठमाडौ उपत्यकालाई चारैतिरबाट घेरा हाल्ने पृथ्वीनारायण शाहको योजनाको अर्को चरणमा पाटन राज्यअन्तर्गत पर्ने लामीडाँडा जिल्लामाथि कब्जा गर्नु थियो। काठमाडौ उपत्यकाको पश्चिमी भेकमा रहेको लामीडाँडा जिल्ला पनि उपत्यककाबाट पश्चिमी राज्यहरु खासगरी तनहुँ जाने मार्गमा पर्ने हुँदा यस जिल्लाको पनि सामरिक महत्व कम थिएन। तनहुँले समेत आँखा गाडेको यस इलाकामा ई.सं. १७४७ मा कालु पांडेको नेतृत्वमा गोरखाली सेनाले बिनारक्तपात कब्जा जमायो। नुवाकोट जिल्ला र लामीडाँडा जिल्ला गोरखा राज्यको सिमानामा गाभिंदा गोरखा राज्यको सिमाना झण्डै दोब्बर हुन पुग्यो। यसपछि पाटन राज्यअन्तर्गत रहेको उपत्यकाको दक्षिण-पश्चिमी मुख्य प्रवेशद्वार दहचोक गढीमाथि पनि तुलाराम पांडेको नेतृत्वमा गएको गोरखाली फौजले ई.सं. १७५४ मा कब्जा गरी हरिवंश उपाध्यायलाई गढीको संरक्षक बनाइयो। यसै सिलसिलामा उपत्यकाको दक्षिणमा पर्ने टिष्टुङ, पालुङ र चित्लाङमा समेत गोरखालीहरुले कब्जा जमाए। त्यसपछि पाटन राज्यअन्तर्गत फर्पिङ, चापागाउँ, ठेचो, सुनागुठी, बोडेगाउँ आदिमा गोरखालीको कब्जा भएपछि पाटनका राजाले केही रुपियाँ जम्मा गरी गोरखाली फौजलाई दिएपछि उनीहरु नुवाकोट फर्के। यसरी गोरखाली फौजले उपत्यकाभित्र पसी आफ्नो प्रभुत्व देखाएकोले उपत्यकाका तीनै मल्ल राजाहरु सशंकित भई आ-आफ्नो सैनिक तयारीमा लाग्नु स्वभाविक थियो। त्यसकारण तीनै राज्यका मल्ल सेनालाई राम्रो तालिम र सैनिक शिक्षा दिई नयाँ हातहतियार समेत तयार पारी गोरखालीहरुलाई रोक्न सक्ने गराउँनको निमित्त जयप्रकाश मल्लले कांगडाका नगरकोटी उस्तादहरुलाई ई.सं. १७५७ मा झिकाए। सोहीअनुरुप नगरकोटी आई मल्ल सेनालाई सैनिक शिक्षा र हातहतियार चलाउने तालिम दिन थालेकाले मल्ल सेनाको उत्साह बढ्न थालेको कुरा पृथ्वीनारायण शाहले महसुस गरिरहेका थिए। त्यसकारण अब जति ढिलो गर्‍यो शत्रुको बल उति बढ्ने ठानेर पृथ्वीनारायण शाह उपत्यकाभित्रका मुख्य-मुख्य ठाउँ कब्जा गर्न आतुर भए।

क्रमश :अर्को अंकमा

## Interactive Board सञ्चालन सम्बन्धी तालिम

भक्तपुरको सल्लाघारीस्थित सैनिक आवासीय महाविद्यालयमा सञ्चालित Interactive board सञ्चालन सम्बन्धी तालिमको साउन १६ गते कल्याणकारी योजना सह-निर्देशक महासेनानी श्री हेमन्त शर्माले समापन गर्नुभएको छ। सैनिक महाविद्यालय र विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि



Digital Class सञ्चालनमा ल्याउने उद्देश्य अनुरुप सञ्चालन गरिएको उक्त तालिममा महाविद्यालय र सो अन्तर्गतका विद्यालयका शिक्षकहरुको सहभागिता रहेको थियो। सो अवसरमा महासेनानी श्री शर्माले सहभागी सम्पूर्ण शिक्षार्थी शिक्षकहरुलाई प्रमाण-पत्र वितरण गर्नुभएको थियो। साउन ११ गतेदेखि सञ्चालित सो तालिममा कम्प्युटर विज्ञान, सामाजिक शिक्षा र गणित विषयका ४४ जना शिक्षकहरु सहभागी थिए।

### माटोले माग्दैन आफैले दिनुपर्छ
### टेलिभिजन कार्यक्रम प्रशारण हुने समय र बार

| सि.नं. | बार | च्यानलको नाम | समय | पून: प्रशारण |
|---|---|---|---|---|
| १ | सोमबार | हिमालयन टेलिभिजन | १८:३० | |
| २ | सोमबार | च्यानल नेपाल | १८:५५ | |
| ३ | मंगलबार | सगरमाथा टेलिभिजन | १६:०० | शनिबार १६:०० बजे |
| ४ | मंगलबार | नेपाल टेलिभिजन | १७:३० | |
| ५ | बिहिबार | ईमेज च्यानल | १४:३० | |
| ६ | बिहिबार | नेपाल वान | १८:३० | |
| ७ | शुक्रबार | तराई टेलिभिजन | १३:३० | |
| ८ | शुक्रबार | लुम्बिनी टेलिभिजन (बुटवल) | २०:०० | शनिबार १४:३० बजे |
| ९ | बुधबार | नेपाल टि.भी (लण्डन) | २१:३० | U.K बाट प्रशारण |
| १० | | अमेरिका नेपाल टी.भी | | |
| ११ | बिहिबार | बुद्ध टेलिभिजन (बुटबल) | १७:०० | शनिबार २०:०० र आइतबार०९:००बजे |

### नेपाली सैनिक रेडियो कार्यक्रम प्रशारण हुने स्टेशन र समयतालिका

| सि.नं | स्टेशनको नाम | फ्रिक्वेन्सी | प्रशारण बार | प्रशारण समय |
|---|---|---|---|---|
| १ | रेडियो नेपाल | सबै फ्रिक्वेन्सीमा | आइतबार | बेलुका ८:१५ देखि ८:४५बजेसम्म |
| | रेडियो नेपाल एफ.एम. | १०० | | |
| २ | रुरु एफ.एम. गुल्मी | ९४.८ | आईतवार | साँझ ७:३० बजेदेखि ८:०० बजेसम्म |
| ३ | मेरो एफ.एम., काठमाण्डौ | ९३.५ | सोमबार | बेलुका ८:०० बजेदेखि ८:३० बजेसम्म |
| ४ | रेडियो मुक्तिनाथ पाल्पा | ९०.८ | सोमवार | बिहान ८:१५ बजेदेखि ८:४५ बजेसम्म |
| ५ | प्रकृति एफ.एम. तुल्सिपुर दाङ्ग | ९३.४ | सोमवार | साँझ ६:३० बजेदेखि ७:०० बजेसम्म |
| ६ | सैलुङ्ग एफ.एम., दोलखा | १०४ | मंगलबार | बिहान ८:१० बजेदेखि ८:४० बजेसम्म |
| ७ | वालिङ्ग एफ.एम., स्याङ्गजा | ८९.२ | मंगलबार | साँझ ५:०० बजेदेखि ५:३० बजेसम्म |
| ८ | रेडियो मनासलु, गोरखा | १०३.९ | मंगलबार | साँझ ६:०० बजेदेखि ६:३० बजेसम्म |
| ९ | ढोरबाराही एफ.एम. तनहुँ | ८८.२ | बुधबार | बेलुका ७:३० बजेदेखि ८:०० बजेसम्म |
| १० | रेडियो सफलता, पोखरा | १०३.४ | बुधबार | बेलुका ८:१५ बजेदेखि ८:४५ बजेसम्म |
| ११ | स्याङ्गजा एफ. एम. स्याङ्गजा | ८९.६ | बिहिबार | साँझ ५:३० देखि ६:०० बजेसम्म |

**नोटः www.nepalarmy.mil.np मा समेत नेपाली सैनिक कार्यक्रम सुन्न सकिन्छ।**

## विष्फोटक पदार्थ सम्बन्धी सचेतना कार्यक्रम



ललितपुर जिल्लास्थित **रणसिंहदल गण**ले भट्टेडाँडा गाविस भवनमा साउन १४ गते विष्फोटक पदार्थ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको छ। गणबाट अधिकृतको कमाण्डमा खटिएको एक टोलीले स्थानीयबासी, शिक्षक तथा विद्यार्थीहरुको सहभागितामा सो कार्यक्रम सञ्चालन गरेको हो।




सोलुखुम्बु जिल्लामा तैनाथ **नयाँ रणभीम गुल्म**ले साउन २७ गते सल्लेरीको श्री सोलुखुम्बु बहुमुखी क्याम्पसमा विष्फोटक पदार्थ सम्बन्धी सचेतना कक्षा सञ्चालन गरेको छ।

सो सचेतना कार्यक्रममा गुल्मपति सेनानी श्री पुष्पराज भण्डारीले विष्फोटक पदार्थबाट हुनसक्ने खतरा र त्यसबाट सुरक्षित रहन गर्नुपर्ने तयारी तथा अपनाउनुपर्ने विधिहरुका बारेमा जानकारी दिनुभएको थियो। सोही क्रममा उहाँले विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिकाको विषयमा समेत अवगत गराउनु भएको थियो। त्यसैगरि उप-सेनानी श्री जगत बहादुर खड्काले विष्फोटक पदार्थ सचेतना सम्बन्धी कक्षा सञ्चालन गर्नुभएको थियो। सो कार्यकक्षामा सोलुखुम्बु बहुमुखी क्याम्पसका शिक्षक तथा विद्यार्थी गरी १२० जनाको सहभागिता रहेको थियो।

## सैनिक विद्यालयलाई सफलता

आदिकवि भानुभक्त आचार्यको २०१ औं जन्मजयन्तीको अवसरमा उपत्यकामा सञ्चालत भएका विद्यालयस्तरका विभिन्न प्रतियोगितामा श्री रिपुमर्दिनी सैनिक माध्यमिक विद्यालयले आफ्नो वर्चश्व कायम गरेको छ।

त्यसक्रममा श्री रिभरा इन्टरनेशनल एकेडेमी, टुसाल बौद्धद्वारा आयोजित उपत्यकाव्यापी कविता प्रतियोगितामा श्री रिपुमर्दिनी सैनिक माध्यमिक विद्यालयको कक्षा ९ मा अध्ययनरत छात्र सम्राट पन्थीले सहभागी ४२ प्रतिस्पर्धीलाई पछाडि पार्दै प्रथम स्थान हासिल गर्न सफल भएका छन्। प्रतियोगितामा उनले रु.३ हजार नगद पुरस्कारसहित प्रमाण-पत्र प्राप्त गरे। त्यसैगरि डिल्लीबजारस्थित श्री सूर्योदय मा.वि.द्वारा आयोजित कविता प्रतियोगिता पनि छात्र सम्राट पन्थीले नै प्रथम स्थान प्राप्त गरी रु. ३००० हजार नगद सहित प्रमाण-पत्र प्राप्त गरेका थिए। सो प्रतियोगितामा उपत्यकाका विभिन्न विद्यालयमा अध्ययनरत ४५ जना विद्यार्थीको सहभागिता रहेको थियो।

त्यस्तै मण्डिकाटारस्थित लोयल्टी एकेडेमीले आयोजना गरेको कविता प्रतियोगितामा सोही विद्या( लयमा कक्षा ७ मा अध्ययनरत छात्र आशिष पन्त उत्कृष्ट भएका थिए। २७ जना प्रतिस्पर्धीलाई पछाडि पार्दै उनले शिल्ड तथा प्रमाण-पत्र प्राप्त गर्न सफल भएका हुन्। भानुजयन्तीकै अवसरमा नेपाल खेलकुद तथा सांस्कृतिक संघ त्रिपुरेश्वरद्वारा आयोजित राष्ट्रव्यापी "राष्ट्रिय सांस्कृतिक लोक नृत्य प्रतियोगिता २०७१" मा श्री रिपुमर्दिनी सैनिक विद्यालयले प्रथम स्थान हासिल गर्न सफल भई रु.१५००० सहित शिल्ड तथा प्रमाण-पत्र प्राप्त गर्न सफल भएको सैनिक कल्याणकारी योजना निर्देशनालयले जनाएको छ।

## प्रधान सेनापतिसँग शिष्टाचार भेटवार्ता



साउन २१ गते प्रधान सेनापति महारथी श्री गौरवशम्शेर ज.ब.रा.सँग भारतीय सेनाका Additional Director General Military Training (A), Maj Gen Bhupesh Kumar Jain नेतृत्वको ३ सदस्यीय भ्रमण दलले जङ्गी अड्डामा शिष्टाचार भेटवार्ता गरेको छ।

नेपाली सेनाको Professional Military Education (PME) तथा तालिम प्रणालीको स्तर वृद्धि गर्ने सम्बन्धमा केन्द्रित उक्त भेटवार्ताका अवसरमा सैनिक विनय महानिर्देशक उपरथी श्री भिक्टर ज.ब.राणाको समेत उपस्थिति रहेको थियो।

## बेलायत सरकारका तर्फबाट नेपाली सेनालाई प्रकोप उद्धार सामग्रीहरु हस्तान्तरण

काठमाडौंस्थित बेलायती राजदूतावासको Defence Section ले बेलायती सरकारका तर्फबाट नेपाली सेनालाई प्रदान गरिएको खोज तथा उद्धार सम्बन्धी विभिन्न उपकरणहरु साउन २० गते हस्तान्तरण गरेको छ।



काठमाण्डौंस्थित बेलायती राजदूतावासका सैनिक सहचारी Col Sean Harris, OBE ले जङ्गी अड्डामा राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालयका महानिर्देशक उपरथी श्री बलदेवराज मेहतलाई करीब ९७ लाख २० हजार रुपैयाँ मूल्य बराबरको खोज तथा उद्धार सम्बन्धी विभिन्न उपकरणहरु सहयोगस्वरुप हस्तान्तरण गर्नुभएको हो।

बेलायत सरकारद्वारा प्रदान गरिएका ति उपकरणहरु क्षतिग्रस्त भौतिक संरचनाहरुको खोजी र उद्धार Collapsed Structure Search and Rescue (CSSR) कार्यमा उपयोगी हुने खालका रहेका छन्। यस किसिमको सहयोगले नेपाल र बेलायतबीच सहयोगको क्षेत्रलाई निरन्तरता दिनुकासाथै नेपाली सेनाको प्रकोप उद्धार क्षमता वृद्धि गर्न थप मद्दत पुग्ने नेपाली सेनाले विश्वास लिएको छ।

## वृक्षारोपण



विश्व भू-संरक्षण दिवसको अवसरमा साउन २१ गते सैनिक श्रीमती संघले श्री पशुपतिनाथ मन्दिर इलाकामा वृक्षारोपण गरेको छ। संघकी अध्यक्ष श्रीमती रोहिणी राणाको प्रमुख आतिथ्यमा सम्पन्न सो वृक्षारोपण कार्यक्रममा विभिन्न जातका कपुर, कल्की, स्वामी, चाँप, काँईयो, बैंश, पैंयौ, जेकेरण्डा तथा लप्सीसमेत गरी ५३० बिरुवा रोपिएको छ। सो वृक्षारोपण कार्यक्रममा सैनिक श्रीमती संघकी सल्लाहकार, संयोजक, कार्यकारिणी सदस्यहरु, इन्जिनियर निर्देशनालयका निर्देशक तथा कालीप्रसाद गणका गणपति लगायतको उपस्थिति रहेको थियो।


## नं. ९ वाहिनीपतिद्वारा बर्दबहादुर गणको निरीक्षण

नं. ९ वाहिनीपति स.र.श्री अशोक नरसिंह राणाले साउन २४ गतेदेखि २६ गतेसम्म दोलखा जिल्लास्थित बर्द बहादुर गणको निरीक्षण गर्नुभएको छ।



निरीक्षणको क्रममा वाहिनीपति श्री राणाले गण हे.क्वा., सुरक्षा गुल्म खिम्ती र सुरक्षा गुल्म जिरीको बन्दोबस्ती, तालिम, अप्रेशनल लगायतका विविध पक्षहरुको निरीक्षण गर्नुहुँदै सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो।

## नेपाली सेना तथा USPACOM को संयुक्त आयोजनामा Multinational Communication Interoperability Program प्रारम्भ



नेपाली सेना तथा United States Pacific Command (USPACOM) को संयुक्त आयोजनामा सञ्चालित MCIP (Multinational Communication Interoperability Program) को साउन २६ गते व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री पदम विलास कार्कीले उद्घाटन गर्नुभयो।

२१ राष्ट्रका प्रतिनिधिहरु सहभागी भएको यस कार्यक्रममा नेपाली सेनाका सिग्नल अधिकृतहरुको सहभागीता रहेको छ। साउन २७ गतेदेखि भदौ ६ गतेसम्म सञ्चालन हुने यो अभ्यासमा सञ्चार सम्बन्धी विभिन्न क्षेत्रहरुमा अध्ययन, छलफल तथा अन्तरक्रिया गरिनेछ।

Pacific Endeavor PE-14 नामक यस अभ्यासमा २१ वटा राष्ट्रका सैनिकहरु १८१ जना, Industry, Academia, International Humanitarian Community का प्रतिनिधिहरु ६६ जना र नेपाली सेनाका २२ जना अधिकृत, १८ जना पदिक तथा अन्यदर्जाहरु समेत गरी कूल जम्मा २८७ जनाको सहभागिता रहेको छ।



MCIP कार्यक्रम अन्तर्गत Pacific Endeavor को नामले हरेक वर्ष ३ वटा Staff Workshop र अन्त्यमा Final Exercise हुँदै आईरहेको छ। यसै क्रममा यस वर्ष Staff Workshop-1 New Zealand, Staff Workshop-2 Japan / Staff Workshop-3 Malaysia मा सञ्चालन भईसकेका छन्। यसक्रममा नेपालमा सञ्चालित Pacific Endeavor PE-14 विगतको ५ वर्षमा सञ्चालन भएको मध्ये सबैभन्दा ठूलो Exercise हो। यस कार्यक्रमबाट हाम्रो जस्तो प्रकोपको उच्च जोखिममा रहेको मुलुकको लागि सञ्चार सम्बन्धी क्षेत्रमा आपसी छलफल एवं प्रशिक्षणको माध्यमबाट पूर्व तयारी गरी अन्तर्राष्ट्रिय सहयोगलाई समन्वयात्मक ढंगबाट सञ्चालन गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिईएको छ।

## तालिम गतिविधि

भक्तपुर खरिपाटीस्थित **नेपाली सैनिक प्रतिष्ठान**मा सि.सं.४३ पदिक तथा हुद्दा अधिकृत क्याडेट तालिमको शिक्षाधिकृत सहायक रथी श्री गणेश बहादुर भण्डारीले साउन १५ गते शुभारम्भ गर्नुभएको छ।




९ महिनासम्म सञ्चालन हुने उक्त तालिममा ४ जना पदिक अधिकृत क्याडेट र २१ जना हुद्दा अधिकृत क्याडेट गरी जम्मा २५ जना शिक्षार्थी सहभागी रहेका छन्। सो कार्यक्रममा प्रतिष्ठानका सहायक शिक्षाधिकृत महासेनानी श्री बालकृष्ण कार्की लगायत अधिकृत, पदिक तथा अन्यदर्जा शिक्षकहरुको उपस्थिति रहेको थियो।



भक्तपुरस्थित **सैनिक शिक्षालय**मा सञ्चालन भएको सि.सं. ३० गुल्मपति तथा स्टाफ तालिमको निमित्त शिक्षाधिकृत महा-सेनानी श्री सुरेश कुमार बानियाँले साउन १२ गते एक कार्यक्रमकाबीच प्रथम प्रवचन गर्नु भएको छ। उक्त तालिममा ५७ जना शिक्षार्थीहरुको सहभागिता रहेको छ।



**विद्युत तथा यान्त्रिक शिक्षालय**, खरिपाटी भक्तपुरमा गत बैशाख ५ गतेबाट सञ्चालन भएको सि.सं.१७ टेक्निकल सुपरभाईजर तालिमको साउन १५ गते शिक्षाधिकृत प्राविधिक महासेनानी श्री खगेश्वर अर्यालले एक कार्यक्रमकाबीच समापन गर्नुभएको छ। सो तालिममा २० जना शिक्षार्थीहरुको सहभागिता रहेको थियो।



## लेक्चर हल उद्घाटन

कास्की जिल्लामा तैनाथ गुरुबक्स गुल्ममा नवनिर्मित लेक्चर हलको साउन १४ गते पश्चिम पृतनापति उपरथी श्री यज्ञ विक्रम राणाले एक कार्यक्रमकाबीच उद्घाटन गर्नु भएको छ। आर्थिक वर्ष २०७०/७१ को निर्माण योजनाअनुरुप गुल्मलाई विनियोजित रकम तथा गुल्मका सकलदर्जाको श्रमदानबाट सो हल निर्माण गरिएको हो। सो भवन उद्घाटनका क्रममा गुल्मपति सेनानी श्री सुजित श्रेष्ठलगायत गुल्मका सकलदर्जाको उपस्थिति रहेको थियो।

## वार्षिकोत्सव सम्पन्न

जुम्ला जिल्लामा तैनाथ **सिद्धिबक्स गण**ले आफ्नो स्थापनाको २२३ औं वार्षिकोत्सव साउन १५ गते विविध कार्यक्रमको आयोजना गरी मनाएको छ।

उक्त अवसरमा गणका गणपति प्रमुख सेनानी श्री दिरेन्द्र कुमार मल्लले निशान भगवतीको पूजाअर्चना गर्नुका साथै झण्डोत्तोलनसमेत गर्नुभएको थियो। यसैगरि सोही अवसरमा नं.२४ वाहिनीपति सहायक रथी श्री कुवेर थापाको प्रमुख आतिथ्यमा स्पोर्टस् डेको समेत आयोजना गरिएको थियो। सो अवसरमा सहायक रथी श्री थापाले अन्तरगुल्म खेलकुद प्रतियोगितामा विजयी खेलाडी तथा गुल्महरुलाई पुरस्कार, पदक तथा शिल्ड र ट्रफि प्रदान गर्नुका साथै सर्वोत्कृष्ट गुल्मका गुल्मपति सेनानी श्री प्रविण थापालाई च्याम्पियन ट्रफि प्रदान गर्नु भएको थियो। सोही अवसरमा वाहिनीपति श्री थापाले अन्तर्राष्ट्रिय धावक हरि बहादुर रोकाय र उनको टीमलाई प्रोत्साहन स्वरुप गणको तर्फबाट १० जोर ट्र्याक सुट प्रदान गर्नुभएको थियो। वार्षिकोत्सवकै अवसरमा विभिन्न खेलका फाइनल खेल, पाहुना खेल, म्यूजीकल चेयर तथा बालबालिकाको लागि खेलसमेत आयोजना गरिएको थियो। उक्त अवसरमा जिल्लाका कार्यालय प्रमुख, पत्रकार, स्थानीय बासिन्दा तथा सकलदर्जाको परिवारको समेत उपस्थिति रहेको थियो।



काठमाण्डौको सितापाइलामा तैनाथ **युद्धकवच गण**ले साउन १५ गते कर्णेल कमाण्डण्ट अवकास प्राप्त उपरथी श्री राम बहादुर गुरुङ्गको प्रमुख आतिथ्यमा आफ्नो स्थापनाको ३१ औं वार्षिकोत्सव विविध कार्यक्रम गरी मनाएको छ।

सो अवसरमा गणपति प्रमुख सेनानी श्री धीरज कार्कीले विधिवत् रुपमा निशान झण्डाको पूजाअर्चना गर्नुकासाथै शक्ति देवी मन्दिरको समेत पूजा गर्नुभएको थियो भने वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको पाहुना खेलमा प्रथम र द्वितीय हुने पहुनाहरुलाई तथा अन्तरगुल्मस्तरीय प्रतियोगितामा प्रथम हुने गुल्मलाई कर्णेल कमाण्डाण्ट अवकास प्राप्त उपरथी श्री गुरुङ्गले ट्रफि तथा पुरस्कार प्रदान गर्नुभएको थियो।




यसैगरी प्रमुख अतिथि अवकास प्राप्त उपरथी श्री गुरुङ्गले वीरगति प्राप्त सैनिकका परिवारहरुलाई विभिन्न उपहार प्रदान गर्नुभएको थियोभने गणपति प्रमुख सेनानी श्री कार्कीले व्यक्तिगत खेलहरुमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई पुरस्कार प्रदान गर्नुभएको थियो।




**वीरदल गण**ले आफ्नो स्थापनाको २१० औं वार्षिकोत्सव साउन ८ गते विविध कार्यक्रमको आयोजना गरी मनाएको छ। वार्षिकोत्सवको अवसरमा गणपति प्रमुख सेनानी श्री प्रज्वल रायमाझीले गणको परम्परा अनुसार निशानको पूजाअर्चना गर्नुका साथै झण्डोत्तोलन गर्नुभएको थियो। सोही दिन उहाँले गणको इतिहासबारे सकलदर्जालाई जानकारी गराउनुका साथै तालिम, क्वार्टरगार्ड फष्ट म्यान, खेलकुद प्रतियोगिता अन्तर्गत तानडोरी, टेवल टेनिस, ब्याडमिण्टन, घैंटो फोर्ने र म्युजिकल चेयरलगायतका प्रतियोगितामा विजयी हुनेहरुलाई पुरस्कार प्रदान गर्नुभएको थियो। त्यस्तै उहाँले वर्षभरिमा उत्कृष्ट कार्य गरी वर्ष जवान घोषित सिपाही मान बहादुर फगामीलाई मोमेन्टो तथा पुरस्कार प्रदान गर्नुभएको थियो।

## खड्गदल गणलाई कदर-पत्र

उपत्यका पृतना अन्तर्गतका फौजहरुको व्यक्तिगत एवं सामूहिक पेशागत दक्षता अभिवृद्धि गर्ने उद्देश्यका साथ पृतना अन्तर्गतका १२ वटा गणका १/१ से.मू. फौजको सहभागितामा नगरकोटमा सञ्चालन भएको अभ्यास "कुरुक्षेत्र-उपत्यका पृतना"मा उत्कृष्ट प्रदर्शन गरी प्रथम हुन सफल खड्गदल गणले कदर-पत्र प्राप्त गरेको छ।

असार २३ गतेदेखि साउन ४ गतेसम्म नगरकोटमा सञ्चालन भएको अभ्यास "कुरुक्षेत्र-उपत्यका पृतना" मा पृतना अन्तर्गतका नं. २६ वाहिनी, अड्डा, आर्टिलरी निर्देशनालय, सिग्नल निर्देशनालय, इन्जिनियर निर्देशनालय अन्तर्गतका गणहरुबाट २९ जनाको ११ वटा से.मू. तथा ग्यारिजन गणबाट ८ जनाको १ सेक्सन गरी १२ वटा समूह समावेश गरी सो अभ्यास सञ्चालन गरिएको थियो।




## अतितको पानाबाट...



दोस्रो विश्वयुद्धका समयमा जनरल अकिनलेक नेपाली सेनाका जवानहरुसँग भलाकुसारी गर्दै

## विभिन्न प्राविधिक तथा लेखा अधिकृतहरुलाई दर्ज्यानी चिन्ह प्रदान



सैनिक सचिव सहायक रथी श्री दीपक प्रसाद भारतीले साउन २२ गते नेपाली सेनामा नव नियुक्त विभिन्न प्राविधिक तथा लेखा अधिकृतहरुलाई आर्मी क्लबमा आयोजित एक समारोहकाबीच प्रा.उ.से. तथा लेखा स.से. दर्जाको दर्ज्यानी चिन्ह प्रदान गर्नु भएको छ।

सो अवसरमा साउन १६ गते नियुक्त भएका विभिन्न ट्रेडका प्राविधिक उपसेनानी ३७ जना र ४ जना लेखा स.से.लाई दर्ज्यानी चिन्ह प्रदान गरिएको थियो।

## जनहीत कार्यमा रामबाण गुल्म



मनाङ जिल्लामा तैनाथ रामबाण गुल्मले स्याल्क्यू खोला लघु जलविद्युत आयोजनाका लागि करिब २२०० के.जी. सामग्री ढुवानीमा श्रमदान गरेको छ।

साउन १६, १७ र १८ गते रामवाण गुल्मबाट अधिकृतको कमाण्डमा खटिएको टोलीले मनाङ जिल्लाको सदरमूकाम चामेस्थित बेशीसहर चामे सडकखण्डको म्यार्दी भीर इलाका लगायत अन्य स्थानहरुमा पहिरो गई अवरुद्ध भएको सडक खुलाएको छ। चामेस्थित स्याल्कु खोला लघु जलविद्युत आयोजनाको जेनेरेटर, टर्वाइन तथा अन्य विद्युतीय सामग्रीहरु सदरमूकाम ल्याउने क्रममा पहिरो गई बाटो अवरुद्ध भएपछि उक्त टोलीले सो बाटो खुलाएको हो।

## उद्धार कार्यमा सूर्यदल गण

बाग्लुङ जिल्लामा तैनाथ श्री सूर्यदल गणबाट साउन ७ गतेदेखि ३ दिनसम्म खट्टिएको एक टोलीले अविरल वर्षाको कारण पहिरोको जोखिमपूर्ण अवस्थामा रहेको बाग्लुङ नगरपालिका-४, सुन्धाराको रिजर्भ्वायरलाई ग्याबिन वायर लगाइ जोखिम मुक्त गरेको छ।



# नेपाली सेना


अ.प्रा.जम.मोहनसिंह महरा, दार्चुला

जनताको सेवक हो राष्ट्र सेवक पनि
वैरी नास्छ सङ्कट टार्छ आफैं बज्र बनी
देश बचाउँछ सदा आफैं मरेर पनि
राष्ट्र नै उजिलाउँछ सदा आफैं जलेर पनि

लागेको छ विश्वभरि शान्ति फैलाउन
सुन्दर शान्त फूलबारी नेपाल दिन्न ओइल्याउन
सबैसँग हातेमालो गर्दै देश निर्माण गर्दछ
राष्ट्रकै निम्ति जन्मेको सिपाही राष्ट्रकै लागि मर्दछ
गर्मी तराइको, भीर पहाड अनि जाडो छ हिमालको
सँधैभरि मन मुटुमा चिन्ता छ नेपालको
खुकुरीकै भरमा नालापानी लडी जिते ब्रिटिश र भोट
नेपालीको मान सम्मानमा लाग्न दिँदैन कतै खोट

न झुक्छ वैरी सामु कहिल्यै न चुक्छ कर्तव्यमा
लक्ष्य चुम्न लम्किरहन्छ निरन्तर आफ्नो गन्तव्यमा
भ्रातृत्व बोकी मेचीकाली जोड्छ बलियो पुल बनेर
सुगन्ध छर्छ संसार सारा सुन्दर सौम्य फूल बनेर

जनजाति, दलित, महिला मुस्लिम र मधेशी
बनेको छ समावेशी नेपाली सेना सबैलाई समेटी
दैवी-प्रकोप बाढीपहिरो भू-क्षय जस्ते परोस् विपत्ति
खटिरन्छन् देश सेवामा सेना नमानी कुनै आपत्ति



# हुद्दा साहेप

हु. गौरव धिताल
श्री गरूडदल गण, कञ्चनपुर

दुई माईल परीक्षा पास भएर मात्र हुन्न
कालो बुट कम्व्याट चुस्ता लाएर मात्र हुन्न
साँच्चै आकासको तारा झार्नु पर्छ हुद्दा हुन
वर्षाद लाग्यो महाकालीको भेल तर्नु पर्छ हुद्दा हुन

हुद्दा साहेपको बिल्ला यस्तो कमाण्ड गर्नु पर्छ
कमाण्ड कन्ट्रोल बिना पल्टन कसरी चल्छ
आफ्नो सेक्सन कमाण्ड गर्न जान्नु पर्छ हुद्दा हुन
आफ्नो जिम्मा सर्वोपरि ठान्नु पर्छ हुद्दा हुन

भन्छन् पल्टन चल्छ अरे हुद्दा साहेपको हातमा
न त दिनमा भोक रहने हुन्छ न त निद्रा रातमा
बोईलरको जस्तो होइन दह्रो खुट्टा हान्नु पर्छ हुद्दा हुन
युद्धकला कम्व्याट ट्याक्टिस जान्नु पर्छ हुद्दा हुन

# बहाना तिमीलाई...

हु.क. सन्देश श्रेष्ठ,
श्री गणेशदल गण,

विनागल्ती तिमीले मलाई
शंका गरी हाल्यौ
एक्कासी बहानाको जालो बुन्दै
त्यो मन अन्तै मोडी हाल्यौ

बहाना तिमीलाई चाहिएकै भए
ठूलो नाटक किन मन्चन गर्नु पऱ्यो
दुई शब्द भनी दिए हुन्थ्यो आखिर
नाता सम्बन्ध नै किन तोड्नु पऱ्यो ?

सस्तो बनायौ मेरो मायालाई आखिर
सस्तोमा नै बिकाई छोडी हाल्यौ
धनसँग माया तौलेर आखिर
पराईसँग नाता जोडी हाल्यौ

पराईसँग नाता जोड्नु थियो
झुटो बाचा कसम किन खानु पऱ्यो
अमृत भनी विष दिए हुन्थ्यो आखिर
जाली झेली माया किन लाउनु पऱ्यो

स्वार्थ रैछ तिम्रो मायामा आखिर
मायामा तिम्रो नै जीत भयो
विश्वास माथी घात गरौ तिम्ले आखिर
साँचो माया लाउदा मेरो आज हार भयो ।

# मेरो चण्डी गीत

अम. लेखराज गिरी

जय ! जय ! जय ! चण्डीदल
पुकार गर्छौं तिम्रो हरपल

हटिदैन डटी लड्ने सिपाही एक साथ हो
निरन्तर प्रयास सफलता चण्डीको मूल भाव हो

रुक्ने छैन, झुक्छ यो टोक्छ परेपछि
निस्कनलाई गाह्रो पर्ला सुलझैं गडेपछि
जय ! जय ! जय ! चण्डीदल

वीर कति उस्तै हेर्दै चण्डी माता
संसारभरि सुनाउन पाउँ चण्डी वीरको गाथा

भुल्या छैन नभुल्ने छु सपथ खाएको
हरपल हरक्षण चण्डी तिम्रो साथ पाएको

जय ! जय ! जय ! चण्डीदल
पुकार गर्छौं तिम्रो हरपल ॥

# भावना

सिपाही बल बहादुर तामाङ
श्री बिद्युत तथा यान्त्रिक सेवा केन्द्र,

विगत नै प्यारो थियो मलाई
वर्तमानमा हाँस्न सिकायौ किन ?
दुःख नै प्यारो थियो मलाई
सुखको लोभमा फसायौ किन ?

आश्वासनको जालो थाप्यौ
रित्तिएको आँशु धारा बगाउनलाई
च्यातिएको कागजको टुका भएछ
आज मेरो जीवन तिमीलाई ।

सफल तिम्रो जिन्दगीलाई
म दुःखी को बधाई छ
परिवर्तन भयो किन
यही मेरो सोधाई छ ।

# कविता

सिपाही विक्रम नेपाली
राष्ट्र विकास गण उदयपुर

आफूभन्दा अग्रजको कुरा कैले काटिएन
दुःख पर्दा कर्म दिने जन्मभूमि छाडिएन

समयको खेलै यस्तो कैले दुःख कैले सुख
दुःख पनि सुखै ठानें-आँशु कैले झारिएन

सुन्दर छ नेपाल यो घृणा गर्ने गर्छौं किन
माटोसँग गाँसिएको नाता हाम्रो फाटिएन

अस्तित्व नै मेटिएको मान्छे ज्यूँन बेकार छ
तिम्ले जस्तै दशगजा माटो बेच्न जानिएन

जता पैसा उतै बिक्ने तिम्रो जस्तो बानी छैन
शहीदको बाटोभरी लाप्से काँडा गाडिएन

# नेपाली चेली

अम.बाबुराम अधिकारी (कविर)
श्री देवीदत्त गण लिवाङ, रोल्पा

कसरी आयौ यो देशमा तिमी यो कस्तो दशा भो,
प्रलोभन तिमीलाई दिएरै कसैले पक्कै नै फसा'हो ।
नेपाली चेली नआऊ परदेश आफ्नो भूमिलाई छाडेर,
आखिरमा तिमीले यहाँ के पायौ र दुई हात जोडेर ।

बाबा र आमा हेर्दा हुन् बाटो, आउँछौ कि तैपनि,
ती बुढाबुढी घिट-घिटि भए पुऱ्याएनौ आशपनि ।
कसरी आयौ यो देशमा तिमी यो कस्तो दशा भो,
प्रलोभन तिमीलाई दिएरै कसैले पक्कै नै फसा'हो ।

फर्कन तिमी अब त नेपाल आफ्नै त्यो माटोमा,
भाइ र बहिनी कुर्दैछन् तिमीलाई हेरेर बाटोमा ।
कोहीका होलान् प्रिय पात्र बिछोडको पीडामा,
फर्कन प्यारी भन्दै होलान् बसी पिँढीको डिलमा ।

नानी र बाबुआमाको माया कस्तो हो थाहा छैन,
आशा मार्न थाले आउँदिनन् आमा भन्न पो भा'छैन ।
कसरी आयौ यो देशमा चेली यो कस्तो दशा भो,
प्रलोभन तिमीलाई दिएरै कसैले पक्कै नै फसा'हो ।

आफ्नै हो धर्ती नेपाली अर्ती मानेको भए त,
लिनेछु सुख भनेथ्यौ होला दुःख पो पायौ त ।
कसरी सम्झाऊँ तिमीलाई चेली मेरो यो मनले,
विदेशको पीडा साथैमा रहि के गर्थ्यौ धनले ।

सुन्दैछु आज तिम्रो त उद्धार हुँदैछ रे यहाँ,
कसले जुक्ति पुऱ्यायो हेर साथ दिउँला म त्यहाँ ।
कसरी आयौ विदेशमा तिमी कस्तो यो दशा भो,
प्रलोभन तिमीलाई दिएरै कसैले पक्कै नै फसा'हो ।

फर्केर जानू अब तिमी आफ्नै त्यो माटोमा,
पौरखी हातले सुन फलाऊ गाउँको पाखोमा ।
मेहनती बन अब त तिमी जोश जाँगर भरेर,
बाबा र आमा बाँच्ने छन् हेर तिम्रै भर परेर ।

मेरो त केही छैन नि भन्नु जे देखें भन्दिए,
बिन्ती नै गर्छु अन्तिम पटक यो कुरा मान्दिए ।
कसरी आयौ यो देशमा तिमी कस्तो यो दशा भो,
प्रलोभन तिमीलाई दिएरै कसैले पक्कै नै फसा'हो ।

# सैनिक पेशा

हु. कृष्ण बहादुर वि. क. रणशेर गण

सैनिक पेशा यस्तै हो भावुक नहुनु
मेरो याद आउँदा सानु फोटो हेरी नरुनु

६ महिनापछि त घरमा आउँछु आशा लिइरहनु
सैनिक पेशा यस्तै हो भावुक धेरै नहुनु

रगत र मुटुको नाता भन्दा
भावनाको नाता नै अमर हुन्छ

विदेशीएर लाहुरे हुनु भन्दा
आफ्नै देशको लाहुरे हुनु नै राम्रो हुन्छ

# नेपाली सेना

हु. हरि बहादुर सुवेदी, श्री बिष्णुदल गण

देश जनताको सेवामा हरदम लागि रहने नेपाली सेना
अखण्ड भई रहेको कर्तव्य परायणतामा लागि पर्ने नेपाली सेना

देशको राजनीतिक क्षेत्रबाट अलग रहेको अखण्ड यो नेपाली सेना
जस्तोसुकै परिस्थितिको सामना गर्न सक्ने सहनशील नेपाली सेना

भोक प्यासको ख्याल नगरी अघि बढ्ने नेपाली सेना
विदेशी हस्तक्षेप हुनबाट जोगाउने अखण्ड यो नेपाली सेना

देश जनताको सुरक्षामा हरदम तयार रहने नेपाली सेना
माया-मोहको जालमा नपरि देशको इज्जत जोगाउने नेपाली सेना

# लाहुरे छोराको सन्देश

सिपाही जय बहादुर बिष्ट
श्री नरसिंहदल गण

आमाको असिम प्रेमले देखें यो भव्य संसार
भन्दछु हरदम कसरी हसाउँ त्यो दिव्य मुहार
बालापन बित्यो रुँदै र हाँस्दै आमाको काँखमा
जवान भएँ लडिरहनु पऱ्यो युद्धको मैदानमा

आमाको मलिन मुहार सम्झिदै साँझमा
युद्धमा गएपनि सम्झने गर्छु आमा मुटुको माँझमा
जाँदी हुन आमा मेला र पर्म अर्काको गाउँमा
लाहुरे छोरा गर्दैछु युद्ध बिरानो ठाउँमा

मलाई सुख कहाँ छ र आमा बैरीका देशमा
आउँछन् शत्रु हतियार लिई मध्यरातमा
डडाम डुडुम पड्किदा बम जमिनै थर्किन्छ
ढलेको देख्दा सँगैको साथी हृदय चर्किन्छ ।

# पेशागत प्रतियोगिता २०७० को सफलता

सिपाही लाल सिंह बिष्ट
खड्गदल गण सु.गुल्म भकुण्डेवेशी काभ्रे

भिजिट भयो स.र.ज्यूको पेशागत डेमुको
देखायौं सबैले डेमु आ-आफ्नो सेमुको

पेशागत आरम्भ भयो गोला प्रथा हाली
बी.एफ.टी आठ सत्र भित्र लामो कदम चाली

दोश्रो चरण बी.एफ.टी आठ किलो बोकी
तेईस् सत्ताईसमा छिर्‍यो सबै खड्ग निशान ठोगी

तेश्रो चरण ड्रिलको डेमु पहिला खाली हात
दायाँ बायाँ लाईन ड्रेस कासन एकै साथ

चौथो चरण तेक्वान्दो आरे मक्की चुमी
चार प्लाटुन एकसाथ दायाँ बायाँ घुमी

पाँचौं चरण सी.एफ.टी.को धुलिखेल पनौती
सोह्र की.मी. एक पैंतालिसमा यही हाम्रो चुनौती

छैटौं चरण म्याप रिडिङ्गको नक्सा सेट गऱ्यौं
प्वाईन्ट टु प्वाईन्ट चौध मिनेट जी.आर. पनि भऱ्यौं

सातौं चरण ट्याक्टिकल रेडको बारे जान्नु
रेडको पनि सिद्धान्त छ घुस्नु, हान्नु, भाग्नु

डेमोको अन्तिम चरण फायरिङ्ग भयो हिट
तीस राउण्डमा सत्र लाग्यो १३ मात्र मिस

अन्तिम पटक खड्ग देवी फूलमाला चढाई
खुशी हुँदै स.र.ज्यूले दिइ बक्स्यो बधाई ।

# आह्वान

अब तपाईंको आवाज रेडियो कार्यक्रममा पनि.....

- तपाईंका आफ्ना घरपरिवार, साथीसंगी तथा आफन्त र सहकर्मी साथीहरुलाई व्यक्तिगत सन्देश छन् ?
- तपाईंसँग गीत गाउन सक्ने, क्यारिकेचर गर्न सक्ने, वाद्य-वाधन गर्न सक्ने जस्ता कला एवं प्रतिभा छन् ?
- तपाईंसँग कविता, गजल, चुट्किला, मुक्तक, सायरी, हाईकु आदि साहित्यिक सिर्जना छन् ?

**यदि छन् भने अब तपाईंको लागि खुशीको खबर !!!**

हरेक हप्ताको आईतबार रेडियो नेपालबाट र देशका विभिन्न ६ वटा एफ.एम. स्टेशनहरुबाट छुट्टाछुट्टै बार र समयमा प्रशारण हुँदै आएको सैनिक रेडियो कार्यक्रममा अब तपाईंको आवाजपनि.....

यसका लागि तपाईंले हाम्रो स्टुडियोको फोन नं. ०१-४२४४४३१ मा सम्पर्क गर्न सक्नु हुनेछ । विदाको दिन बाहेक हरेक हप्ताको सोमवारदेखि विहीवारसम्म दिउँसो २ बजेदेखि ३ बजेसम्म आफ्नो सुझाव, प्रतिक्रिया, सन्देश, प्रतिभा, कला र साहित्यिक सिर्जना रेकर्ड गर्नुहुन अनुरोध गरिन्छ ।

नोटः-**नेपाली सेनासँग सम्बन्धित सामग्रीलाई विशेष ग्राह्यता दिइनेछ ।**

**साथै यस सिपाही पाक्षिक पत्रिकाको लागि लेख रचनाहरु सिपाही पाक्षिक पत्रिका श्री सैनिक जनसम्पर्क निर्देशनालय, प्रचार प्रसार शाखा जंगी अड्डा** को ठेगानामा पठाउनु हुन अथवा sipahipatrika@gmail.com मा ईमेल गर्नुहुन अनुरोध गरिन्छ । साथै लेखरचनासँगै १ प्रति फोटो पठाउनु हुन र सम्भव भएसम्म सम्पर्क फोन नम्वर पनि उल्लेख गरिदिनु हुन अनुरोध गरिन्छ ।

# प्रकृति संरक्षण गतिविधि

**शुक्लाफाँटा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री गरुडदल गण हे.क्वा** तथा अन्तर्गतको बेल्डाँडी र मालुमेला सुरक्षा पोष्टबाट गत साउन ३ गतेदेखि १२ गतेसम्म खटिएको पट्रोल टोलीले आरक्षका विभिन्न इलाकामा अवैधरुपमा प्रवेश गरी घाँस दाउरा गरिरहेका ७३ जनालाई पक्राउ गरी आरक्ष कार्यालयमा बुझाएको छ। त्यसैगरि साउन ८ गते बेल्डाँडी र मालुमेला पोष्टबाट गएको पट्रोल टोलीले आरक्ष इलाकामा अवैध रुपमा प्रवेश गरी काठ काटिरहेका ९ जनालाई विभिन्न साइजका २ थान सिसौका काठ सहित पक्राउ गरी आरक्ष कार्यालयमा बुझाएको छ।

**बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री रणशार्दुल गण** अन्तर्गतका वनखेत, अम्रेनी, भूरीगाउँ, ढकेला, सैनावार सुरक्षा पोष्टबाट गत साउन १ गतेदेखि ११ गतेसम्म डुम्रेनी, लम्कौली, रानीपुर, अम्राला, बर्गदा लगायत निकुञ्जका विभिन्न इलाकामा अवैध रुपमा प्रवेश गरी घाँस दाउरा गरिरहेका ९६ जनालाई हँसिया ५८, नाम्लो ४ तथा अवैध चरिचरण गरेका २७९ चौपायालाई नियन्त्रणमा लिई निकुञ्ज कार्यालयलाई बुझाएको छ। त्यसैगरी साउन २ गते सैनावार सुरक्षा पोष्टबाट गएको पट्रोल टोलीले बगनाहा र रानीपुर इलाकामा अवैधरुपमा घाँस दाउरा तथा च्याउ संकलन गरिरहेका ११ जनालाई १ के.जी. च्याउ, २ वटा चौपाया र ३ हँसियासहित पक्राउ गरेको छ। सोही मितिमा भासताल सुरक्षा पोष्टबाट गएको पट्रोल टोलीले बेलवा गाविस-२ बस्ने मानिसीङ्ग वलीलाई बँदेल मार्ने पासो-१ सहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ।

त्यस्तै गत साउन ६ गते चिसापानी सुरक्षा पोष्टबाट गएको पट्रोल टोलीले मानखोलाबाट अवैध रुपमा ढुङ्गा लैजादै गरेको एक ट्रयाक्टर सहित १ जनालाई पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ। सोही मितिमा सर्पले टोकेर घाइते भएका बर्दिया जिल्लास्थित देउडाकलाका खेम बहादुर श्रेष्ठलाई सैनावर पोष्टको सर्पदंश उपचार केन्द्रले उपचार गरेको छ। त्यसैगरी साउन ७ गते सुरक्षा गुल्म पूर्वचिसापानीले चेकजाँचका क्रममा दैलेखबाट काठमाडौ आउदै गरेको ना.४.ख. ७८०० नम्बरको रात्री बसमा अवैधरुपमा २६ बोरा निउरो लैजाँदै गरेको अवस्थामा पक्राउ गरेको छ।

**चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री श्रीजंग गण** अन्तर्गत इच्छानगर सुरक्षा पोष्टबाट साउन २ गते गएको पट्रोल टोलीले सिकारीबास सामुदायिक वनमा अवैध रुपमा काटिएका साल र सत्तिसका विभिन्न साइजका गोलीया पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ। यस्तै साउन ३ गते टेम्पल टाइगर पोष्टबाट गएको पट्रोल टोलीले अवैध रुपमा निकुञ्ज भित्र प्रवेश गरेका ४ जनालाई ठोटरी १, तामा र कुसुम २/२ बोरा र हँसिया १ सहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ। यसैगरी साउन ५ गते 'क' गुल्म सौराहाबाट गएको पट्रोल टोलीले राप्ती नदीमा अवैध रुपमा माछा मारिरहेका  ३ जनालाई २ वटा बल्छीसहित पक्राउगरि निकुञ्ज कार्यालयमा बुझाएको छ।

**बाँके राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री गोरख दल गण** अन्तर्गतको महादेवा पोष्टबाट साउन १० गते गएको संयुक्त पट्रोल टोलीले टपरा इलाकामा अवैध रुपमा प्रवेश गरी घाँसदाउरा तथा च्याउ टिप्दै गरेको अवस्थामा १६ जनालाई २ वटा हँसिया, ७ वटा कुटो, एउटा छिनो, १३ वटा प्लास्टिकको बोरा तथा एउटा खुर्पीसहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ। यसैगरी साउन १२ गते गणबाट गएको संयुक्त पट्रोल टोलीले मध्यवर्ती क्षेत्रको ढकेरी इलाकामा घरहरु खानतलासी गर्दा अनिल गुप्ता, मानबहादुर थारु, दलबहादुर थारु, कमल वली, भवराज खत्रीलाई १० नाल भरुवा बन्दुकसहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ।

**पर्सा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री दुर्गादल गुल्म** तथा निर्मलबस्ती सुरक्षा पोष्टबाट साउन २ गते गएको पट्रोल टोलीले ८ बोरा काँचो तामा पक्राउ गरी आरक्ष कार्यालयमा बुझाएको छ। त्यस्तै  साउन १३ गते निर्मलबस्ती सुरक्षा पोष्टबाट गएको पट्रोल टोलीले चितवन जिल्ला ४ नयाँबस्तीका शिवनाथ महतोको घरबाट विभिन्न साइजका काठहरु बरामद गरी सामुदायिक वन उपभोक्ता समितिलाई बुझाएको छ।

**चितवन राष्ट्रिय निकुञ्ज तैनाथ श्री नयाँ भैरवी दल गुल्म** अन्तर्गत तमासपुर पोष्टबाट साउन २१ गते खटिएको एक टोलीले बेलानी गाविस २ मा फेला पारेको अंजिगर सर्पलाई स्थानीयबासीको सहयोग तथा निकुञ्ज प्रशासनको रोहवरमा नियन्त्रणमा लिई निकुञ्जको भुल्केपानी इलाकामा सकुशल छाडेको छ। त्यसैगरी उक्त गुल्म अन्तर्गतको तमासपुर पोष्टबाट साउन १४ र १५ गते गएको पट्रोल टोलीले अरुण खोलामा अवैधरुपमा गिट्टी बालुवा उठाउँदै गरेका ६ जनालाई ट्रयाक्टर सहित पक्राउ गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालय तमासपुरमा बुझाएको छ। सोही पोष्टबाट १७ गते गएको पट्रोल टोलीले निकुञ्जभित्र अवैध रुपमा तामा काटी ल्याउँदै गरेका २ जनालाई ६० के.जी. तामासहित पक्राउ गरी आवश्यक कानुनी कारवाहीको लागि चितवन राष्ट्रिय निकुञ्ज कार्यालय तमासपुरमा बुझाएको छ।

# स्मार्ट पट्रोलीङ्ग तालिम सम्पन्न

नवलपरासी जिल्लामा तैनाथ श्री नयाँ भैरवीदल गुल्ममा साउन २६ गते स्मार्ट पट्रोलीङ्ग तालिम सम्पन्न भएको छ।

निकुञ्जभित्रको पट्रोलिङ्गलाई वैज्ञानिकरुपमा सञ्चालन गर्नको लागि आवश्यक ज्ञान प्रदान गर्ने उद्देश्यका साथ सञ्चालित १ दिने स्मार्ट पट्रोलिङ्ग तालिम चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका सहायक संरक्षण अधिकृत विष्णु थपलियासहितको ५ जना टोलीले प्रदान गरेका हुन्। तालिमकै क्रममा गुल्म हेडक्वार्टरलगायत प्रत्येक पोष्टहरुलाई पट्रोलिङ्गको लागि आवश्यक क्यामेरा तथा जी.पी.एस् एक/एक गोटा वितरण गरिएको थियो। सो अवसरमा गुल्मपति सेनानी श्री सुरेन्द्र सापकोटाले यस प्रकारका तालिमबाट निकुञ्ज डिउटीलाई अझ प्रभावकारी भूमिका निर्वाह गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुहुँदै शिक्षक टोलीलाई धन्यवाद दिनुभएको थियो।  तालिममा गुल्म हेडक्वार्टर तथा अन्तर्गतका पोष्टपतिहरु र चितवन राष्ट्रिय निकुञ्ज (पश्चिम सेक्टर) का प्रशासनिक कर्मचारीहरुको सहभागिता रहेको थियो।

# रक्तदान

साउन ९ गते **वीरदल गण**का सिपाही थानेश्वर रिजालले आन्द्रामा घाउ भइ विरामी परेका जाजरकोट पुन्मा निवासी भद्र बहादुर शाहीलाई रगत उपलब्ध गराएका छन्। अप्रेशनको क्रममा शाहीलाई रगतको अभाव भएपछि विरामीका आफन्तले गणमा सहयोगको लागि अनुरोध गरेका थिए। गणमा अनुरोध आएपछि सिपाही रिजालले १ पिन्ट रगत दिएका हुन्।

दोलखा जिल्लामा तैनाथ **बर्द बहादुर गण**का सहायक सेनानी श्री दिपेश पुडासैनीले साउन १३ गते  सुन्द्रावती-१ की कालिका थामीलाई रगत दिएका छन्। पाठेघरको अप्रेशनको क्रममा ४० वर्षिया थामीलाई रगतको कमि हुँदा दोलखास्थित गौरिशङ्कर मोडल अस्पतालको आग्रहमा सहायक सेनानी श्री पुडासैनीले रगत उपलब्ध गराएका छन्।

त्यस्तै साउन २३ गते सोही गणमा कार्यरत हुद्दा टिकाराम खड्का र बन्दोबस्ती कार्य सिपाही श्रीलाल सुतिहारले रक्तदान गरेका छन्। दोलखा सामुदायिक अस्पतालमा उपचाररत रामेछाप जिल्ला नागदह गाविस बस्ने ६१ वर्षिय राम बहादुर थापा मगरलाई रगतको आवश्यकता परेको हुँदा निजहरुले रगद उपलब्ध गराएको प्राप्त समाचारमा उल्लेख छ।

साउन २८ गते उदयपुर जिल्लास्थित **भवानीदल गण**मा कार्यरत सिपाही नवराज गुरुङ्ग र अशोक राईले रक्तदान गरेका छन्। जिल्लाको त्रियुगा ३ पुरानो गाइघाट बसोबास गर्ने ३६ वर्षीया मेनुका ढकाललाई रगतको आवश्यक परेको हुँदा निज सिपाहीहरुले रगत उपलब्ध गराएको प्राप्त समाचारमा उल्लेख छ।

# वृक्षारोपण

धादिङ जिल्लामा तैनाथ **नं.६ वाहिनी अड्डा**ले भू-संरक्षण दिवसको अवसरमा साउन २३ गते वाहिनी हाताभित्र वृक्षारोपण गरेको छ। सो क्रममा वाहिनीपति सहायक रथी श्री प्रभुराम शर्मा लगायत सकल दर्जाको सहभागितामा विभिन्न जातका ५९० विरुवाहरु रोपिएको थियो। यसअघि साउन १४ गते पनि सो बाहिनीले  अम्मलेश्वर महादेव मन्दिर परिसरमा वृक्षारोपण गरेको थियो।

सोलखुम्बु जिल्लाको सल्लेरीमा तैनाथ **नयाँ रणभीम गुल्म**ले साउन १६ गते श्री जनजागृति उच्च माध्यमिक विद्यालयको खाली स्थानमा विभिन्न प्रजातिका ५०० विरुवा रोपेको छ। नेपाल प्रहरी, सरकारी कार्यालयका कर्मचारीहरु, वन कार्यालयका प्रतिनिधि, जनजागृति उच्च माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थी गरी ३०० जनाको उपस्थितिमा सो वृक्षारोपण गरिएको हो।

महोत्तरी जिल्लाको पर्कौलीमा तैनाथ **शेर गण**को पहल तथा सुन्दर अभियान समूहको सहकार्यमा साउन १० गते भटौलिया गाविस-७ मा विभिन्न प्रजातिका ५०० विरुवा रोपेको छ। सेनानी श्री सुमन कार्कीको कमाण्डमा खट्टिएको एक टोलीले रोपिएका विरुवा संरक्षणका निमित्त बाँसको बार समेत लगाएको थियो। वृक्षारोपण कार्यक्रममा स्थानीय कार्यालय एवं संघसंस्थाका प्रतिनिधिहरुको समेत उपस्थिति रहेको थियो।

कैलालीस्थित **नं. ५ सैन्य तालिम गुल्म**ले जिल्लाको धनगढी नगरपालिकास्थित शिब मन्दिर परिसरमा गुल्मपतिको कमाण्डमा गएको एक टोलीले साउन ४ गते वृक्षारोपण गरेको छ।

# समाचार संक्षेप

सर्लाही जिल्लामा तैनाथ **रिपुमर्दन गण**ले सर्पदंशका ६५ जना बिरामीहरुको उपचार गरेको छ। असार २० गतेदेखि साउन १९ गतेसम्म सो गणले ३४ पुरुष र ३१ महिला गरी ६५ जनाको सफल उपचार गरेको हो। सो गणले आफ्नो प्राथमिक उपचार केन्द्रमा सर्पले टोकेका बिरामीको निरन्तर उपचार गर्दै आएको छ।

अछाम जिल्लामा तैनाथ **दुर्गाबक्स गण**का गणपति प्रमुख सेनानी श्री शिशिर कुमार मल्लको कमाण्डमा खटिएको टोलीले साउन ६ गते मंगलसेनबाट ठूलासैनतर्फ जाने बाटोमा गएको पहिरो हटाएको छ।

साउन २२ गते **शार्दुलजंग गुल्म**बाट सह सेनानी श्री दीपक थापाको कमाण्डमा खट्टिएको १६ जनाको टोलीले काठमाण्डौंस्थित हनुमानढोका इलाकाको सरसफाइ गरेको छ।

# स्वास्थ्य शिविर

रसुवाको धुन्चेमा तैनाथ **नारायणदल गण**ले जनैपूर्णिमाको अवसरमा गोसाईगुण्ड दर्शन गर्न आउने तिर्थालु भक्तजनलाई स्वास्थ्य सेवा प्रदान गर्नुको साथै आवश्यक सहयोग गरेको छ।



यस क्रममा जनैपूर्णिमाको अवसरमा गोसाईकुण्ड दर्शन गर्न आउने भक्तजनको लागि गणले साउन २३ गतेदेखि २५ गतेसम्म चोलाङ्गपाटी इलाकामा ३ दिने नि:शुल्क स्वास्थ शिविर सञ्चालन गरेको छ। शिविरमा सैन्य तालिम केन्द्रका प्राविधिक सह-सेनानी डाक्टर माया भट्ट, नं. ६ फिल्ड एम्बुलेन्स गुल्मका प्राविधिक टोली र गणको मेडिकल टीमले संयुक्तरुपमा २२६८ जनाको उपचार गरेको थियो। यसका साथै गण अन्तर्गत दिम्सा पोष्टबाट २५० र उर्लेनी पोष्टबाट २७५ जना तिर्थालुलाई समेत स्वास्थ्य उपचार गरेको थियो भने गणबाट परिचालित उद्धार टोलीले बाटोमा विरामी भई हिँडन नसकेका १५ जना तिर्थालु वृद्ध-वृद्धा तथा अशक्तलाई आवश्यक सहयोग गरेको थियो। तीर्थयात्राकै क्रममा चोलाङपाटीमा अचानक मृत्यु भएका तिर्थालु कोटेश्वर पेप्सीकोलाका ५७ वर्षिय कमल थापाको शवलाई सो गणको टोलीले धुन्चेस्थित जिल्ला अस्पतालसम्म ल्याउनको लागि समेत सहयोग गरेको थियो।



साउन २५ गते जनैपूर्णिमाको अवसरमा सोलुखुम्बु जिल्लाको टाक्सिन्दु गाविसस्थित दुधकुण्ड मेलामा हाइअल्टिच्युट भई बिरामी परेका भक्तजनको **नयाँ रणभीम गुल्म**बाट खट्टिएको मेडिकल टोलीले स्वास्थ्य सेवा प्रदान गरेको छ। उक्त टोलीले  टाउको दुख्ने, पेट दुख्ने र वान्ता हुने महिला तथा पुरुष गरी १६१ भक्तजनलाई औषधी वितरण गर्नुका साथै अशक्त ९ भक्तजनलाई मेलासम्म पुऱ्याउन मद्दत गरेको थियो।

# सरसफाइ तथा मर्मत

उपत्यका पृतना अन्तर्गतका विभिन्न युनिटहरुले विभिन्न स्थानमा सरसफाइ तथा मर्मत कार्य गरेका छन्। सो क्रममा उपत्यका पृतनामा तैनाथ इन्द्रध्वज गणबाट सेनानी श्री सुरज थापाको कमाण्डमा साउन २० गते गएको टोलीले नागपोखरी मन्दिर सरसफाइ गरेको थियो। त्यस्तै सोही मितिमा भैरव प्रसाद गणबाट सेनानी विमल राउतको कमाण्डमा गएको टोलीले फूलबारी गेटदेखि रानीवन इलाका सम्मको बाटो सरसफाइ गर्नुका साथै मर्मत समेत गरेको थियो।



# चिनियाँ भाषा तालिम शुरू

साउन १६ गते बलाधिकृत रथी श्री पवन बहादुर पाण्डेले सि.सं. १ चिनीयाँ भाषा तालिमको शुभारम्भ गर्नुभएको छ । मित्रराष्ट्र चीनका महामहिम राजदूत Mr. Wu Chuntai को प्रमुख आतिथ्यमा




सम्पन्न सो कार्यक्रममा बलाधिकृत रथी श्री पाण्डेले चिनीयाँ भाषा तालिमले नेपाल र चीनबीचको गहिरो एतिहासिक सम्बन्धलाई अझ प्रगाढ बनाउन मद्दत गर्नुका साथै अधिकृत शिक्षार्थीहरुले यस तालिमबाट अर्थपूर्ण भाषिक ज्ञान हासिल गर्ने विश्वास व्यक्त गर्नुभएको थियो । सैनिक जनसम्पर्क निर्देशनालयमा सञ्चालन भएको सो तालिममा २५ जना सैनिक अधिकृतहरुको सहभागिता रहेको छ ।

# कमाण्डिङ्ग अफिसर्स ओरियन्टेसन कोर्स सम्पन्न



साउन ४ गतेबाट सिग्नल तालिम शिक्षालयमा शुरु भएको कमाण्डिङ्ग अफिसर्स ओरियन्टेसन कोर्षको साउन २३ गते सैनिक विनय महानिर्देशक उपरथी श्री भिक्टर ज.ब.राणाले एक कार्यक्रमका बिच समापन गर्नुभएको छ ।

तालिम समापनका अवसरमा शिक्षार्थीहरुलाई सम्बोधन गर्नुहुँदै उपरथी श्री राणाले सैनिक अधिकृतलाई मानसिक र बौद्धिकरुपमा सक्षम कमाण्डर बनाउन यस तालिमको विशेष महत्त्व रहने बताउनु भएको थियो । उक्त तालिममा प्रमुख सेनानी र सेनानी गरी २८ जना शिक्षार्थीको सहभागिता रहेको थियो ।

# उद्धार



श्रीदल गुल्मले साउन १९ गते संखुवासभा जिल्लाको स्यावुन गाविस ३ फच्याङ्गटारीमा गएको पहिरोमा परी मृत्यु भएकाहरुको शव निकाल्नुका साथै विस्थापित परिवारहरुको उद्धार गरेको छ । घटनाको खवर पाउनासाथ खाँदबारीबाट गएको गुल्मको टोलीले ६२ जनालाई सुरक्षित स्थानमा सारेको थियो । पहिरोबाट ३ वटा घर पूर्णरुपमा क्षति भएको छभने १० जना बेपत्ता भएका छन् । बेपत्ता भएकामध्ये नेपाली सेनाले ७ जनाको शव फेला पारी आफन्तलाई बुझाएको श्रीदल गुल्मले जनाएको छ ।

# सिन्धुपाल्चोकमा राहत वितरण र उपचार जारी




सैनिक श्रीमती संघले जिल्ला प्रशासन कार्यलयमार्फत सिन्धुपाल्चोकका पहिरो पीडितहरुलाई राहत सामग्री वितरण गरेको छ । गत साउन २२ गते श्रीमती संघले त्रिपाल १०० वटा, हरियो मण्डी १०० वटा, चाउचाउ १०० कार्टुन, विस्कुट १०० कार्टुन, चिउरा २०० के.जी., चिनी १०० के.जी., नुन १०० के.जी. र कपडा ३०० जोर हस्तान्तरण गरेको हो । त्यसैगरि पहिरो गएको स्थानमा मेडिकल शिविर सञ्चालन गर्न नेपाली सेनाको डा.अधिकृतको कमाण्डमा थप मेडिकल टोली समेत खटिएको छ ।



# नेपाली सेनाका उत्कृष्ट खेलाडीहरुलाई पदोन्नति

प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.ले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी भई उत्कृष्ट नतिजा हासिल गर्न सफल त्रिभुवन आर्मी क्लवका उत्कृष्ट खेलाडीहरुलाई प्रोत्साहनस्वरुप एक तह पदोन्नतिसहित दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको छ । साउन २३ गते आयोजित कार्यक्रममा ७४ जना खेलाडीहरुमध्ये ६ जना खेलाडीहरुलाई श्री सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रमा पदोन्नतिको दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको हो ।



कार्यक्रममा प्रधान सेनापति श्री ज.ब.रा.ले खेलाडीहरुलाई सम्बोधन गर्नुहुँदै खेलकुद सैनिक पेशाको एक अभिन्न अङ्ग रहेको र फौजलाई अनुशासित तथा प्रतिवद्ध बनाई शारीरिक एवं मानसिकरुपमा सक्षम राख्दै आपसमा स्वस्थ प्रतिस्पर्धात्मक भावनाको विकास गर्न सहयोगी हुने बताउनुभयो । नेपाली सेनामा खेलखुदलाई बढवा दिने क्रममा प्रथम राष्ट्रिय महिला फुटबल प्रतियोगिता र साहसिक खेलहरु मार्फत पर्यटकीय क्षेत्रको विकासलाई टेवा पुऱ्याउँदै नेपाललाई विश्व समुदायमा चिनाउन हालै मात्र प्रथम राष्ट्रिय ट्राई-म्याराथन प्रतियोगिता सञ्चालन गरिएको प्रधान सेनापति श्री ज.ब.रा.ले उल्लेख गर्नुभयो ।

सम्बोधनकै क्रममा प्रधान सेनापति श्री ज.ब.रा.ले सीमित स्रोत र साधनका बावजुद खेल क्षेत्रमा पुऱ्याएको महत्वपूर्ण योगदानको प्रशंसा गर्नुहुँदै त्रिभुवन आर्मी क्लब सम्वद्ध प्रशिक्षार्थी, खेलाडीहरु एवं प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग पुऱ्याउनुहुने अन्य सबैलाई धन्यवाद दिनुभयो ।

सो अवसरमा प्रधान सेनापति श्री ज.ब.रा.ले त्रिभुवन आर्मी क्लवका लागि स्वदेश तथा विदेशबाट खरिद गरिएका विभिन्न किसिमका खेलकुद सामग्रीहरु एवं 400 m Speed Endurance Building Obstacle(SEBO) र Combat Efficiency Training(CET) को प्रदर्शन, ह्यामर थ्रो को केज तथा आर्चरी खेलको अवलोकन समेत गर्नुभएको थियो ।

यसैबीच मित्रराष्ट्र कोरियामा सञ्चालन हुने १७ औं एशियाली खेलकुद प्रतियोगितामा त्रिभुवन आर्मी क्लबका तेक्वान्दोतर्फ ५ जना, बक्सिङ्ग, ट्रायथलनतर्फ ४/४ जना, एथलेक्टिक्स तर्फ ३ जना, ब्याडमिन्टनतर्फ २ जना, भारोत्तोलन, जुडो र उसुतर्फ १/१ जना खेलाडीहरु छनौंट भएका छन् ।

भारत्तोलनतर्फ यसै वर्ष भएको राष्ट्रिय भारत्तोलन प्रतियोगितामा जमदार कमल अधिकारी र हुद्दा दिनेश श्रेष्ठले क्रमशः ५९ के.जी. र ९४ के.जी. तौल समूहमा राष्ट्रिय रेकर्डसहित स्वर्ण पदक जित्न सफल भएका थिए ।

# पाइलट आधारभूत तालिम शुरू

गौचरस्थित **सैनिक हवाई महानिर्देशनालय**मा साउन १६ गतेबाट सञ्चालन भएको सि.सं २ पाइलट आधारभूत तालिमको प्रबन्धरथी उपरथी श्री राजेन्द्र क्षत्रीले एक कार्यक्रमकाबीच शुभारम्भ गर्नुभएको छ ।

६ महिना अवधिको उक्त तालिममा Principle of Flight, Instruments Meteorology, Flight Planning, Radio Aids, Air law, Aviation Medicine तथा Engine, Airframe, Hydraulics, Aircrafts, Weight and Balance Aircraft system





जस्ता विभिन्न विषयहरुको ग्राउण्ड कोर्स सैनिक हवाई महानिर्देशनालयका प्रशिक्षकहरुद्वारा सञ्चालन गरिने छभने केही विषयहरुमा नेपाल नागरिक उड्डयन प्राधिकरण Meterology Department का विज्ञ पाईलट, इन्जिनियर तथा प्राविधिकहरुबाट प्रशिक्षण दिने कार्यक्रम रहेको छ । तालिममा एलुवेट हेलिकप्टर र फिक्स्ड विंग ट्रेनर जहाजसमेत प्रयोगमा ल्याइनेछ ।

सैनिक बन्दोवस्ती, अपरेशन, विकास निर्माण, राहत उद्धार तथा अन्य उडान कार्यहरु गर्ने उद्देश्यले करीब ४९ वर्ष अगाडि स्थापना भएको आर्मी एभिएसनले सञ्चालन गरेको तालिममा ३ जना शिक्षार्थी अधिकृतहरु रहेका छन । योग्य, सक्षम तथा गुणस्तरीय पाईलट उत्पादन गरी नेपाली सेनाको आवश्यकता पूर्ति गर्नुको साथै राष्ट्रको उड्डयन क्षमतासमेत अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ । उक्त कार्यक्रममा सैनिक हवाई महानिर्देशनालयका महानिर्देशक पाईलट उपरथी श्री सतिश विक्रम शाह, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सह-सचिवद्वय सुरेश आचार्य र वृद्धि सागर लामिछाने, नेपाल नागरिक उड्डयन प्राधिकरणका महा-निर्देशक रतिश चन्द्रलाल सुमन, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रवन्धक ऋषिकेश शर्मा लगायत रथीवृन्द तथा अधिकृतहरुको उपस्थिति रहेको थियो । उक्त तालिमका शिक्षार्थी पाईलटहरु सह-सेनानी मनिराम लामा, सह-सेनानी शिशिर कोईराला र सह-सेनानी राकेश खड्का रहेका छन् ।

मुद्रणः सै.ज.नि. छापाखानाशाखा, तस्वीरः सै.ज.नि. तस्वीर शाखा तथा सम्बन्धित युनिटहरु कलर स्क्यानिङ्गः डिजिटेक पुल्चोक, सम्पादन सहयोगीः प्रा.सु. विनोद अधिकारी, ले-आउटः प्रा.जम. कृष्ण सिंह बोहरा/प्रा.हु. प्रकाश हुमागाँई




सिपाही पाक्षिक अतिरिक्ताङ्क

१ भदौ २०७१

पृतनापति



उ.र. श्री हिमालय थापा

कर्णेल कमाण्डाण्ट



स.र. श्री भरत मल्ल

# श्री खड्गदल गणको इतिहास

वाहिनीपति



स.र. श्री अश्मीन कुमार थापा

गणपति



प्र.से. श्री जगत ब. पौडेल


तत्कालीन राजा सुरेन्द्र वीर विक्रम शाहको राज्यकालमा वि.सं. १९३७ जेठ ३० गते हालको खड्गदल गण महाकाली अञ्चल डडेल्धुराको खलंङ्गामा श्री खड्गदल कम्पनीको नामबाट खडा भएको थियो। गणको आदर्श वाक्य **"हौं वीर पराक्रमी"** रहेको छ। वि.सं.२००९ सालमा यो गण बन्दिपुर तनहुँमा गुल्मकोरुपमा रहेको र त्यसपछि बिघटनमा परेको थियो। नेपाली सेनाको पुर्नगठनको सिलसिलामा वि.सं.२०२३ साल माघ १७ गतेका दिन पुनः श्री खड्गदल गुल्मको नामाकरण भई विधिवत्रुपमा झण्डा प्राप्त गरेको थियो। वि.सं. २०६२ साउन १९ गतेबाट श्री खड्गदल गणको रुपमा परिणत भएको थियो।


एकीकरण अभियान बडामहाराजधिराजको कार्यकालमा मात्रै सीमित नभई पछि उहाँका उत्तराधिकारीहरुले समेत एकीकरण कार्यलाई तीब्रता दिँदै आए। सो क्रममा छरिएर रहेका राज्यहरु गाभ्दै बिशाल नेपालको निर्माण गर्ने क्रममा नयाँनयाँ पल्टनहरु खडा हुन थाले। नेपाली सेनाको इतिहासको मध्यतिर तत्कालीन राजा सुरेन्द्र विक्रम शाहको राज्यकालमा वि.सं.१९३७ जेठ ३० गते विधिवत्रुपमा महाकाली अञ्चल, डडेलधुरा जिल्लाको खलङ्गामा श्री खड्गदल गुल्मको स्थापना भएको थियो। वि.सं.२००९ सालमा खारेजीमा परि तत्कालीन शाही नेपाली सेनाको पुर्नगठन पछि गुल्मको आवश्यकता महसुस गरी पुन वि.सं. २०२० सालमा श्री खड्गदल गुल्मको नामले मिलिसिया पल्टनकोरुपमा महाकाली अञ्चलको डडेल्धुरामा स्थापना भई वि.सं.२०२३ साल माघ १७ गतेका दिन विधिवत्रुपमा श्री खड्गदल गुल्म नामाकरण भई झण्डा प्राप्त गरेको थियो र गुल्मको निशानलाई कास्की जिल्लाको पोखरास्थित फूलबारी ब्यारेकमा राखिएको थियो। श्री खड्गदल गुल्म करीब १२५ वर्ष पुरा गरी वि.सं. २०६२ साउन १९ गते म्याग्दीमा गणको रुपमा परिणत भएको थियो। यस गणका प्रथम गणपति अ.प्रा.स.र. श्री हिमालय विक्रम खत्रीको पहलतामा फूलवारी व्यारेक पोखरामा स्थायीरुपमा रहेको यस गणको निशान भगवतीलाई नायव बडा गुरुज्यू श्री माधव प्रसाद भट्टराईबाट निशानको साईत जुराई मिति २०६२ साल असोज २० गते विधिवत्रुपमा पूजाअर्चना गरी इमामनगर व्यारेक नेपालञ्जमा भित्र्याइएको थियो।

गौरवमय इतिहास र परम्परा भएको, देशको सार्वभौमिकता र अखण्डताको संरक्षण तथा समस्त नेपाली जनताको सुरक्षा गर्ने गहन जिम्मेवारी बोकेको नेपाली सेनाको अभिन्न अङ्ग भई कार्य गर्दै आइरहेको श्री खड्गदल गण स्थापनाकालदेखि हालसम्म गुल्मको रुपमा दाङ, प्युठान, जुम्ला, सुर्खेत, बर्दिया, मुस्ताङ्ग (जोमसोम), गोरखा, बाग्लुङ, बाँके र गणमा परिणत भएपछि करिब ६ वर्ष बाँके र २०६७ साल माघदेखि नं. २६ वाहिनीको जिम्मेवारी क्षेत्र बाग्मती अञ्चलको काभ्रेपलाञ्चोक जिल्लामा तैनाथ भई दिइएको र तोकिएको जिम्मेवारी पूर्णरुपमा सम्पादन गर्दै आइरहेको छ।

# गणको निशान

गणको निशानले भद्र र वीर जिम्मेवार युद्धकी देवी शेरावाली सर्वशक्ति सम्पन्न **"खड्ग देवी"** को प्रतिनिधित्व गर्दछ। यसले सर्वशक्ति सम्पन्न भईकन पनि आवश्यकतालाई बिचार गरेर नियन्त्रित ढङ्गले आफ्नो शक्ति प्रयोग गर्ने विशेषतालाई संकेत गर्दछ। गणको नाम नै खड्गदल रहेकोले आफ्नो लक्ष्य र कर्ममा अडिग रहने शक्ति स्वरुपिणी महाशक्तिशाली खड्गदेवीको प्रतिनिधित्व गर्दछ। जो सदैव असत्यमाथि सत्यको विजयको खातिर शक्तिको प्रदर्शन गर्ने एक सर्वशक्तिमान, निडर, लक्ष्यमा अडिग, अमर र अजम्बरी शक्तिकी खानी भएको विश्वास रहेको छ। साथै खड्गदेवी सदैव सिंहसवार हुँदै असत्य माथि विजय प्राप्तीको लागि खड्ग प्रहार गर्दै रणक्षेत्रमा परिचालन हुने भूमिकालाई समेत प्रतिविम्बित गर्दछ।



प.नि
Back Colours

यस गणको निशान "अ.नि.", "प.नि.", "सहायक" दुई र "वीर वलभद्र" गरी जम्मा पाँच निशान झण्डाको स्थापना गरिएको छ। चराचर जगतमा अटल र अमर रही रहने चन्द्र, सूर्यको बीचमा खड्गदेवीको पाईलाको आकृति अङ्कित छ। चन्द्र, सूर्य चराचर जगतमा सधैं अटल अमर रहिरहने र खड्गदेवीको पाईलाले सदैव असत्य माथि सत्यको विजयको खातिर आफ्नो शक्तिको प्रदर्शन गर्दै आफ्नो लक्ष्य प्राप्तिका निमित्त निरन्तर अडिग भई अगाडि बढी रहने शक्तिलाई उजागर गर्दछ। माता खड्ग देवीको पाउँमा सबैको आस्थाको केन्द्र रहेको शक्ति स्वरुपिणी निशान भगवतीको पाउँको चित्राङ्कित गरिएको छ। जसले असल कार्यको मार्ग दर्शकको रुपमा कार्य गर्दछ। सिम्रिक रातो रङ्ग फर्दाकोबीच बंशबर्धक मानिएको छ। नीर निलो रङ्ग प्रथम किनारा शालिनता र शान्तिबर्धकको रुपमा मानिएको निलो रङ्गले सैनिक कला कौशललाई आधार मानि राखिएको छ।




# १३४ औं वार्षिकोत्सव

खड्गदल गणले विभिन्न कार्यक्रमहरु आयोजना गरी आफ्नो स्थापनाको १३४ औं वार्षिकोत्सवको सप्ताहव्यापी कार्यक्रमको आयोजना गरी भव्यताका साथ मनाएको छ। सो क्रममा गणले गत असार २९ गतेबाट साउन ४ गतेसम्म अन्तरगुल्म खेलकुद प्रतियोगिता सञ्चालन गरेको थियो।




उक्त अन्तर गुल्म खेलकुद प्रतियोगिता अन्तर्गत फुटबल र भलिबल खेलमा मद्दति गुल्म, बास्केटबल खेलमा बन्दोबस्ती गुल्म र तानडोरीमा ख गुल्म विजयी भएका थिए। त्यस्तै बी.एफ.टी. र बी.पी.एफ.टी. दौडमा सिपाही विक्रमसिंह धामी, प्वाईन्ट टू प्वाईन्टमा प्युठ कविराज सुनार र फायरिङ्गमा सिपाही प्रदिप योगी विजयी भएका थिए। विजयी खेलाडीलाई विशेष अधिकृत सहायक रथी श्री भरत मल्लले पुरस्कार प्रदान गर्नुभएको थियो। सोही अवसरमा कर्णेल कमाण्डाण्ट भलिबल रनिङ्ग शिल्ड बिजेता मद्दति गुल्म र अन्तरगुल्म प्रतियोगितामा प्रथम "ख" गुल्मलाई अन्तरगुल्म प्रतियोगिता रनिङ्ग शिल्ड कर्णेल कमाण्डाण्ट सहायक रथी श्री मल्लले प्रदान गर्नुभएको थियो।




वार्षिकोत्सवकै अवसरमा साउन ११ गते गण इलाकामा वृक्षारोपण गरिएको थियो भने साउन १७ गते स्थानीय जेसीस तथा क्लबहरुसँग सहकार्य गरी आयोजना गरिएको रक्तदान कार्यक्रममा गणका ४५ जना सकलदर्जाले रक्तदान गरी भक्तपुर क्यान्सर अस्पताललाई रगत उपलब्ध गराइएको थियो। वार्षिकोत्सवकै अवसरमा स्पोर्टस् डे कार्यक्रमको आयोजना गरिएको थियो। स्पोर्टस् डे कार्यक्रममा पाहुना तथा मनोरन्जनात्मक खेलहरु सञ्चालन गरिएका थिए।

बाँकी पेज 'ख' मा

## कर्तव्यपालनाको सिलसिलामा वीरगति प्राप्त गरेका गणका वीर सपूतहरु





| सि.नं. | दर्जा | नामथर | ठेगाना | वीरगति प्राप्त मिति |
|---|---|---|---|---|
| १ | सैन्य | जैव ब.घ.म. | गाम-७, ठूलोगाँउ, रोल्पा | २०५९/०१/२७ |
| २ | सैन्य | बम ब. बुढामगर | गाम -५ बाहिरी गाँउ, रोल्पा | २०५९/०१/२७ |
| ३ | सैन्य | भकेन्द्र बुढा मगर | गाम-५ ठूलोगाँउ, रोल्पा | २०५९/०१/२७ |
| ४ | सिपाही | डम्बर ब. घर्ती | आरर्थर-२ डाँडाखर्क, पर्वत | २०५९/०५/२५ |
| ५ | सिपाही | नारायण खनाल | तार्कुट गा.वि.स.-६ घिमिरे गाँउ, लम्जुङ | २०५९/०७/२७ |
| ६ | प्युठ | झलकान्त सिग्देल | भरतपुर न.पा.-१३, चितवन | २०६०/०९/२७ |
| ७ | सिपाही | केशब ब.चौधरी | टिकापुर न.पा.-७, कैलाली | २०६३/१०/११ |

## अपरेसनल गतिविधिमा खड्ग दल

संविधान सभाको दोस्रो निर्वाचन भयरहित, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न





श्री खड्ग दल गणले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। निर्वाचन स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न प्राप्त निर्देशनलाई यस गणले उत्कृष्ट तरिकाले कार्य-सम्पादन गरेको थियो ।



## विपद् व्यवस्थापनका कार्यहरू

आगलागी नियन्त्रण, दुर्घटनामा उद्धार, बाढी पहिरोको क्षति न्यूनीकरणमा सहयोग जस्ता विपद्का घडीमा खड्ग दल गण खट्टिँदै आएको छ। यसक्रममा २०६९ पुस ३ गते पनौती (खोपासी) ओपेरा कपास उद्योगमा आगलागी नियन्त्रणमा यस गणले उत्कृष्ट कार्य-सम्पादन गरेको थियो। यस्तै २०७० बैशाख २ गते र सोही महिनाको ३१ गते कुम्सडाँडा धुलिखेलमा वी.पी. राजमार्ग अन्तर्गत पर्ने कुम्सडाँडामा भएको आगलागी यसै गणले नियन्त्रण गरेको थियो। त्यसैगरी २०७० जेठ १८ गते धुलिखेलमा एक माईक्रो बसमा लागेको आगलागी नियन्त्रण, २०७० असार १९ गते गण हे.क्वा. गेट अगाडि माईक्रो बसमा लागेको आगलागी नियन्त्रण र २०७० पुस २६ गते बनेपा बुडोलस्थित शान फर्निचरमा लागेको आगलागी यसै गणले नियन्त्रण गरेको थियो ।

२०७१ बैशाख ७ गते धुलिखेल संजिवनी उ.मा.वि. नजिकैको जंगलमा करीब ५० लाख बराबरको धनमाल क्षति भएको आगलागी यसै गणबाट अधिकृतको कमाण्डमा खट्टिएको ४१ जनाको टोलीले नियन्त्रण गरेको थियो भने २०७१ बैशाख ११ गते पनौतीस्थित मल्पि इन्टरनेशनल स्कूल नजिकैको जंगलमा भएको आगलागी र २०७१ जेठ २ गते धुलिखेल न.पा. रबिओपि चण्डेश्वरी बनमा लागेको आगलागी नियन्त्रणमा पनि यसै गणले गरेको थियो। विपद् व्यवस्थापनकै क्रममा गत साउन १७ गते अविरल वर्षाको कारण सिन्धुपाल्चोक जिल्ला राम्चे -५ गा.वि.स. जुरेमा गएको पहिरो तथा पहिरोका कारण सुनकोशीको बहाव बन्दबाट हुनसक्ने सम्भावित क्षतिको न्यूनीकरण गर्न एक कम्पनी फौज प्रभावित इलाकामा तैनाथ रहि उद्धार कार्यमा अहोरात्र खट्टिरहेको छ ।



## तालिम

गणमा सञ्चालन हुने विभिन्न तालिमका शिक्षार्थीहरुलाई व्यवहारिक तथा सैद्धान्तिक ज्ञान दिलाउनको लागि आन्तरिक श्रोत र साधनको प्रयोग गरी तालिमसँग सम्बन्धित विभिन्न Training Aid हरु निर्माण गर्ने गरिएको छ। (जस्तै Aiming rest, Dummy targets आदि) त्यसैगरि तालिममा शिक्षार्थीहरुलाई थप उत्साह अभिवृद्धि गर्नको लागि विभिन्न फ्लेक्स प्रिन्ट तथा खाकाहरु तयार पारिएको छ ।







### सम्पन्न भएका तालिमहरु

| सि.नं. | तालिमको विवरण | शुरु मिति | अन्तिम मिति |
|---|---|---|---|
| १ | ड्रिल तालिम | २०७०।०४।०२ | २०७०।०६।१० |
| २ | ८४ मी.मी. कार्ल गुस्ताभ तालिम | २०७०।०६।०१ | २०७०।०७।२१ |
| ३ | सि.सं. ३ तेक्वान्दो तालिम | २०७०।०४।०२ | २०७०।०६।१० |
| ४ | युनिट आधार तालिम | २०७०।०५।०१ | २०७०।०६।०६ |
| ५ | पहिलो चरण सामुहिक तालिम | २०७०।११।१५ | २०७१।०१।२० |
| ६ | दोस्रो चरण सामुहिक तालिम | २०७०।१२।३० | २०७१।०२।२४ |
| ७ | युनिट आधार तालिम | २०७१।०१।२० | २०७१।०१।२० |
| ८ | तेस्रो चरण सामुहिक तालिम | २०७१।०२।१४ | २०७१।०३।१८ |
| ९ | युनिट आधार तालिम | २०७१।०३।१० | २०७१।०४।१२ |
| १० | ड्रिल शिक्षक रिफ्रेसर | २०७१।०३।२७ | २०७१।०४।०२ |

### हाल सञ्चालन भइरहेको तालिमहरु

| | | | |
|---|---|---|---|
| १ | युनिट निरन्तरता तालिम | २०७१।०४।०१ | २०७१।०४।३२ |
| २ | ड्रिल तालिम | २०७१।०४।०४ | २०७१।०६।२२ |

## पूर्व पृतनापति



उ.र श्री किरण शम्शेर थापा मिति:२०६०/०२/०५ देखि २०६०/०९/१३ सम्म
उ.र श्री दिलिप कार्की मिति:२०६०/०९/१४ देखि २०६२/०५/१७ सम्म
उ.र श्री दिपक विक्रम राणा मिति:२०६२/०५/१२ देखि २०६३/०५/१६सम्म
उ.र. श्री कूल बहादुर खड्का मिति:२०६३/०३/१२ देखि २०६४/०३/०७सम्म



उ.र श्री अनिल जंग थापा मिति:२०६४/०६/२१ देखि २०६६/०७/०६ सम्म
उ.र श्री दमन बहादुर घले मिति:२०६६/०६/०७ देखि २०६८/०१/०९ सम्म
उ.र श्री केशवराज महत मिति:२०६८/०१/०९ देखि २०६८/०६/०७सम्म
उ.र श्री महेश बिक्रम कार्की मिति:२०६८/०७/२९ देखि २०६९/०६/१०सम्म
उ.र श्री पुर्ण चन्द्र थापा मिति:२०६९/०६/१० देखि २०७०/ /सम्म

## पूर्व वाहिनीपतिहरू



| सि.नं. | दर्जा | नामथर | अवधि |
|---|---|---|---|
| १ | स.र. | श्री श्याम बहादुर थापा | २०६३/०७/०१ देखि २०६६/०८/१६ सम्म |
| २ | स.र. | श्री विजय मोक्तान | २०६५/०७/२२ देखि २०६७/०३/२८ सम्म |
| ३ | स.र. | श्री हिमालय थापा | २०६६/०८/१६ देखि २०६५/०७/२२ सम्म |
| ४ | स.र. | श्री तारा बहादुर कार्की | २०६७/०३/२८ देखि २०६९/०२/२३ सम्म |
| ५. | स.र. | श्री दिपक प्रसाद भारती | २०६९/०२/२३ देखि २०६९/०९/२४ सम्म |

## हालसम्मका गणपतिहरू



| सि.नं | दर्जा | नामथर | देखि | सम्म |
|---|---|---|---|---|
| १ | प्र.से. | श्री हिमालय बिक्रम खत्री | २०६२/०३/२० | २०६३/०९/२३ |
| २ | प्र.से. | श्री अनिल कुमार घोण्डे गुरुङ्ग | २०६३/०९/२३ | २०६५/०४/१७ |
| ३ | प्र.से. | श्री बिश्वराज थापा | २०६५/०४/१७ | २०६७/०३/३० |
| ४ | प्र.से. | श्री टंक प्रसाद भट्ट | २०६७/०३/३० | २०६९/०७/१४ |
| ५ | प्र.से. | श्री जगत बहादुर पौडेल | २०६९/०७/१४ | हालसम्म |

## गणमा कार्यरत पदिकहरू

| सि.नं. | दर्जा | नामथर |
|---|---|---|
| १ | प्र.सु. | मन बहादुर नेपाली |
| २ | सु. | ज्ञान बहादुर आ.म. |
| ३ | सु. | चेतमान जि.सी. |
| ४ | सु. | राजन कुमार थापा |
| ५ | सु. | सोमनाथ बराल |
| ६ | जम. | भेष बहादुर थापा |
| ७ | जम. | बासुदेव अधिकारी |
| ८ | जम.क. | मधसुदन खड्का |
| ९ | जम. | गणेश कुमार थापा |
| १० | मु.प.जम. | शंकर प्रसाद कोईराला |
| ११ | जम. | डिल बहादुर वि.क. |
| १२ | जम. | देवस दाहाल क्षेत्री |
| १३ | जम. | जहान सिंह खड्का |
| १४ | जम. | पूर्ण ब.कार्की |
| १५ | जम. | सुर्य नारायण गुरुङ्ग |
| १६ | जम. | हरी खड्का |
| १७ | जम. | शम्भु सुनार |
| १८ | ले.जम.क. | अनिल तामाङ्ग |
| १९ | जम. | ईश्वरी पौडेल |
| २० | जम. | अमृत कटुवाल |
| २१ | जम. | बासुदेब बस्नेत |
| २२ | जम. | भिम बहादुर माझी |
| २३ | जम. | शंकर बहादुर कुंवर |
| २४ | जम. | गोपाल महरा |
| २५ | जम. | नरेन्द्र आचार्य |

## गण तैनाथ भएका स्थानहरू

| सि.नं. | स्थान | मिति |
|---|---|---|
| १ | डडेलधुरा | वि.सं. २०२०-२०२३ |
| २ | दाङ | वि.सं. २०२३-२०३३ |
| ३ | प्युठान | वि.सं. २०३३-२०३९ |
| ४ | जुम्ला | वि.सं. २०३९-२०४३ |
| ५ | सुर्खेत | वि.सं. २०४३-२०४७ |
| ६ | बर्दिया | वि.सं. २०४७-२०४९ |
| ७ | मुस्ताङ | वि.सं. २०४९-२०५२ |
| ८ | गोरखा | वि.सं. २०५२-२०५७ |
| ९ | रसुवा | वि.सं. २०५७-२०५८ |
| १० | बाँके | वि.सं. २०५८ |
| ११ | बाग्लुङ | वि.सं. २०५८-२०६१ |
| १२ | म्याग्दी | वि.सं. २०६१-२०६२ |
| १३ | बाँके | वि.सं. २०६२-२०६७ |
| १४ | काभ्रे | वि.सं. २०६७- हालसम्म |

## १३४ औं ..........

सो क्रममा मार्चपास, बालबालिकाहरु सहभागी चकलेट टिप्ने खेल, म्युजिकल चेयर, घैटो फुटाउने खेल, श्रीमान् श्रीमतीबीच माला लगाउने खेल, तान डोरी तथा भाले छोप्ने खेल सञ्चालन गरिएको थियो। विजयी खेलाडीहरुलाई श्रीमती ज्योती पौडेल र विशेष अधिकृत सहायक रथी श्री भरत मल्लले पुरस्कार प्रदान गर्नुभएको थियो ।

सोही दिन गणपति प्रमुख सेनानी जगत बहादुर पौडेल र सेनानी प्रतिक सिंह राठौरले पृतनापति ट्रफि २०७१ मा स्वर्ण पदक हासिल गर्ने तथा आर्मी, पृतना र वाहिनी तालिमतर्फ प्रथम स्थान हासिल गर्ने व्यक्तिहरुलाई पुरस्कार प्रदान गर्नुभएको थियो। पुरस्कृत हुनेहरुमा बक्सिङ्ग खेलका सिपाही रञ्जु बस्नेत, सिपाही भक्त बहादुर रम्जाली, सिपाही बृज नारायण चौधरी, प्युठ वीर बहादुर गुरुङ्ग, सिपाही सुरेश सार्की, सिपाही सिद्धि विष्ट छन् भने एथ्लेटिक्सका खेलाडी सिपाही राम देवी खत्री, सिपाही टेक बहादुर खड्का छन्। त्यस्तै ज्याबलिङ्ग थ्रोका सिपाही विष्णु राना, आर्मीस्तर सर्वे आर्टिस् तालिमका प्युठ कविराज सुनार, वाहिनीस्तर ड्रिल तालिमका हुद्दा रण बहादुर नेपाली, वाहिनीस्तर ८४ मी.मी.तालिमका प्युठ प्रकाश राम कोली र वाहिनीस्तर थर्ड एम.आर.तालिमका सिपाही सरोज सुनुवार रहेका छन्। वार्षिकोत्सवको अवसरमा सांस्कृतिक कार्यक्रमको साथै वडाखानाको समेत आयोजना गरिएको थियो ।

## पदोन्नति

वार्षिकोत्सवको उपलक्ष्यमा गणको रिक्त दरबन्दीमा पदोन्नति भएका २ जना पदिक र ६५ जना बिल्लादारहरुलाई साउन १९ गते गणपतिले दज्यानी चिन्ह प्रदान गर्नुभएको थियो ।

# गणको गणगान

**रचनाकार : चा. म.से. कैलाश गुरूङ**

हौँ वीर पराक्रमी
देशकै खम्बा खड्गदल
पराक्रमी पुर्खाहरुको सन्तती हौँ वीरवल
देश सेवामा समर्पित रातदिन हरपल
खड्गदल वीरवल जय जय खड्गदल

जन्मभूमिको रक्षा गर्ने अठोट बोकी मनैमा
जन्म भयो खलङ्गामा उन्नाईस सय सैतीसमा
कर्तब्यको पथमा बड्छौं जोगाई संस्कार परम्परा
सङ्कटमा शान्ति ल्याउछौँ बनी देशको सहारा
खड्गदल वीरवल जय जय खड्गदल

कसम खाई निशानको उच्च राख्दै मनोबल
धावा बोल्छौँ शत्रुमाथि ल्याई दिन्छौँ हलचल
लक्ष्य चुम्न सधैँ तयार हौसला र आँटले
गौरव र शान राखी सेवा गर्छौँ ठाँटले
खड्गदल वीरवल जय जय खड्गदल

## नेपाली सेनाको महिमा

**सहसेनानी कुल बहादुर ढकाल**



देश विकासमा लाग्ने हामी सैना हौं
विकासको कदम चाली पुग्छौँ मेची-काली
राष्ट्रियताको संरक्षणमा अधिकार राख्छौँ
राष्ट्र विकास काम गर्दा नत कहिले थाक्छौँ

स्वदेशको चारै किल्ला बस्छौँ पहरा दिई
सुरक्षाको जिम्मेवारी आफ्नो काँधमा लिई
रक्षा गर्छौँ जनताको सार्वभौमसत्ता
छिन्न-भिन्न हुन दिन्नौँ देशको भौगोलिकता

कठिन तालिम गरिरहन्छौँ अनुशासनमा रहि
सेवा गर्छौँ देश जनताको सधैँ गम्भीर भई
मन-मुटु रगत भरि पवित्र छ माया
स्वार्थरहित भावना छ-छैन दायाँ बायाँ

बल, वुद्धि, दक्षता र सृजनाको खानी
रमाई-रमाई दुःख गर्ने सधैँ हाम्रो बानी
दैवी प्रकोप विपत्तिमा सबको गाउँ घरमा
पुगिरा'छौँ उद्धार गर्न हामी मिनेट भरमा

बनस्पति जोगाउन वृक्षारोपण गरी
वरपर वातावरण राख्छौँ स्वर्ग सरी
निकुञ्जको सुरक्षार्थ तैनाथ भएको ठाउँ
तस्करीलाई समातेर आइरा'को छ नाम

जता हेर्‍यो उतै राम्रो हिमाल पहाड तराईं
सैनिकको सबै आफ्ना, हुन्नन् कोही पराई
राहत वितरण गर्छौँ सङ्कट पर्दा खेरि
डाक्टर हाम्रा दिन्छन् सेवा विरामीलाई हेरि

गर्छौँ कहिले बढाई कवाज राष्ट्रिय-पर्व बेला
देखाउँछौँ टुँडिखेलमा धेरै राम्रा खेल
निर्माणमा बाटो सडक स्कूल कलेज पनि
सेनामा छन् कला, सीप र संस्कृतिका धनी

नर्बिसेर वीर पूर्खाको अपार यो देनलाई
बचाउन तल्लिन छौं सैनिक दाजुभाइ
साहस धैर्य वीरता र हुन्छ जङ्गीपन
फैलेको छ राम्रो छवि अति स्वच्छ मन


घरतर्फको यादै हुन्न राष्ट्र-सेवक बन्दा
माया हुन्छ जनताको आफ्नो ज्यान भन्दा
दिगो शान्ति अमनचयन कायम राख्न भनि
बिदेश समेत खट्टि जाने शान्ति सैनिक बनि

सगरमाथा चुचुरोमा देशको झण्डा फहराई
जहाँ पनि उत्कृष्ट छ हाम्रो काम गराई
बूढो हुन्छ नत कहिले कमजोर छैन केहीमा
नेपाली सेनाको छ विश्वभरि महिमा

## कार्यरत अधिकृतहरू

| सि.नं. | दर्जा | नामथर | नियुक्ति |
|---|---|---|---|
| १ | प्रमुख सेनानी | श्री जगत बहादुर पौडेल | गणपति |
| २ | सेनानी | श्री दुर्गा बहादुर बस्नेत | सहायक गणपति |
| ३ | सेनानी | श्री हेमन्त कुमार महत | "घ" गुल्मपति |
| ४ | सेनानी | श्री होम बहादुर अधिकारी | "ख" गुल्मपति |
| ५ | सेनानी | श्री प्रतिक सिंह राठौर | युद्धकार्याधिकृत |
| ६ | सेनानी | श्री आदित्यप्रताप सिंह | बन्दोबस्ती गुल्म |
| ७ | सेनानी | श्री गोपाल बहादुर राई | "ग" गुल्मपति |
| ८ | सह-से. | श्री बोधराज ढकाल | "क"गुल्म सहायक गुल्मपति |
| ९ | सह-से. | श्री अरुण गिरी | कार्याधिकृत |
| १० | सह-से. | श्री राम के.सी. | "घ" गुल्म सहायक गुल्मपति |
| ११ | सह-से. | श्री प्रमोद पौडेल | नं. १ से.मु.पति "घ" गुल्म |
| १२ | सह-से. | श्री कुल बहादुर ढकाल | "ख"गुल्म सहायक गुल्मपति |
| १३ | सह-से. | श्री खिम बहादुर डांगी | नं. २ से.मु.पति मद्धती गुल्म |
| १४ | सह-से. | श्री नवराज बस्नेत | मद्धती गुल्म सहायक गुल्मपति |
| १५ | सह-से. | श्री जिवन खड्का | नं. १ से.मु.पति "क"गुल्म |
| १६ | सह-से. | श्री विश्वास थापा | सिग्नल से.मु.पति |
| १७ | सह-से. | श्री शिव लम्साल | "ग" गुल्म सहायक गुल्मपति |
| १८ | उ.से. | श्री कन्हैया पौडेल | नं. १ से.मु.पति "ग"गुल्म |
| १९ | उ.से. | श्री विरेन्द बढु | नं. २ से.मु.पति "घ" गुल्म |
| २० | स.से. | श्री कृष्ण बहादुर खड्का | नं. २ से.मु.पति "ग"गुल्म |
| २१ | स.से. | श्री मनोज सिंह कार्की | नं. २ से.मु.पति "ख"गुल्म |
| २२ | स.से. | श्री चित्र सिंह बुढाथोकी | नं. ३ से.मु.पति "घ" गुल्म |

# वर्ष उत्कृष्ट जवान



सि.जितेन्द्र श्रेष्ठ
२०७१ साल



हु.प्रताप अधिकारी
२०६७ साल



प्युठ छोटेलाल चौधरी
२०६८ साल



सि.आसाराम थारु
२०६९ साल



सि.शंकर वाग
२०७० साल

बर्दबहादुर गणमा मिति २०६७/०६/२५ गते सैन्य दर्जामा भर्ना भई यस गणको रिक्त रहेको सिपाही दर्जामा नियुक्त भएका राप्ती अञ्चल रुकुम जिल्ला, मोरावाङ्ग गा.वि.स वडा नं. ९ बस्ने नं.२५८४१७ सिपाही. जितेन्द्र श्रेष्ठ विभिन्न विधाहरुमा (२ माईल दौड, वाधापार, लिखित परीक्षा र फायरिङ्ग) प्रतिस्पर्धा गरी यस गणको वर्ष सर्वोत्कृष्ट जवान हुन सफल हुनु भएको छ। उहाँले पेशागत तथा खेलकुद प्रतियोगितामा गणलाई ठूलो योगदान दिनुभएको छ।

# गजल



**प्युठ कविराज सुनार**

शरीरको हर अङ्ग-अङ्ग देशभक्ति बोकेर आ'कोछ खड्गदल।
उन्नति र प्रगतिको लागि निशान ढोगेर आ'कोछ खड्गदल॥

हार कहिल्यै मानेको छैन सधैँ जित ठान्छ
ढलेपनि रणभूमिमा अन्तिम सास रोकेर आ'कोछ खड्गदल।

दुःख अड्चन बाधाहरु नभएको को नै होला र
हाँसी खुशीको साथ बाधा अड्चन भोगेर आ'कोछ खड्गदल।

खड्गदल कस्तो छ भन्ने बारे चिनाउनको लागि
जहाँ पुग्यो त्यहीं निशान छाप ठोकेर आ'कोछ खड्गदल।

**"हौँ वीर पराक्रमी"** आदर्श वाक्य भएर होला पक्कै
हजारौं शब्दकोषको पानाहरु घोकेर आ'कोछ खड्गदल।

# अन्तर्राष्ट्रिय शान्ति कार्यमा खड्गदल गण




विश्व शान्ति स्थापनार्थ संयुक्त राष्ट्र संघको आह्वानमा २०६९/९/१२ गतेदेखि २०७०/३/२९ गतेसम्म प्रमुख सेनानी श्री टंक भट्टको कमाण्डमा श्री खड्ग दल गण(शा.से.) १२ औं डफ्फा गणको झण्डा लिई हाइटीमा खट्टिएको थियो।



# जनहीत कार्य

खड्गदल गणले नागरिकसँगको सम्बन्ध सुमधुर राख्न सदैव कटिवद्ध रहँदै आएको छ। आफ्नो जिम्मेवारी क्षेत्रमा जनहीतका कार्यहरु प्राथमिकताका साथ सञ्चालन गर्दै आइरहेको यस गणले समय समयमा स्थानीय मन्दिर सरसफाइ, पिउने पानी ट्याङ्की सरसफाइ, सडक सरसफाइ, वृक्षारोपण, आगलागी नियन्त्रण, विपद् व्यवस्थापन तथा विभिन्न समयमा स्थानीय जनता तथा स्कूल र कलेजका बिद्यार्थीहरुलाई MRED सम्बन्धी कक्षा सञ्चालन, मेडिकल क्याम्प, रक्तदान कार्यक्रम, आवश्यकता अनुसार श्रमदान जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।



यस क्रममा गणले २०६९।०८।१६ गतेदेखि २०६९।०९।११ गतेसम्म धुलिखेल अस्पतालको खेल मैदान निर्माण कार्यमा करीब १० लाख भन्दा बढि मूल्यको सहयोग गरी नागरिक-सेना सम्बन्ध अझ कसिलो बनाउन मद्दत पुऱ्याएको छ। २०६९।११।१४ गतेदेखि २०६९।११।१५ गतेसम्म चण्डेनी गा.वि.स.को माईटार इलाकामा २ दिने स्वास्थ्य शिविर सञ्चालन, २०६९।११।२५ गते धुलिखेल माउण्ट भ्यू बोर्डिङ स्कूलले आयोजना गरेको रक्तदान कार्यक्रममा गणका बिल्लादार तथा जवानहरुले रक्तदान तथा २०७०।०२।२२ गते देवीस्थान टावर इलाकामा वृक्षारोपण लगायतका सामाजिक कार्य पनि गणले गरेको छ। त्यसैगरि २०७०।०२।२६ गते धुलिखेल खानेपानी ट्याङ्की सरसफाइ तथा २०७०।०३।०८ गते कात्तिके देउराली इलाका घुम्ति शिविर सञ्चालन गरेको थियो। त्यस्तै, गणले २०७०।०४।१० गते धुलिखेल–भकुण्डेबेशी सडकखण्डमा वृक्षारोपण, २०७०।०४।१४ गते धुलिखेल नगरपालिका वडा नं.३ मा वृक्षारोपण र २०७०।०४।२५ गते काठमाण्डौ युनिभर्सिटी इलाकामा वृक्षारोपण गरेको थियो। सामाजिक कार्य अन्तर्गत नै २०७०।०५।१९ गते धुलिखेल नगरपालिकास्थित सरस्वती बजारमा ६ जना सकलदर्जाहरुद्वारा रक्तदान, २०७०।०६।०५ गते धुलिखेल न.पा.को सरस्वती बजार Bringing Together For Better Society को आयोजना तथा Clean Up Nepal Campaign को अवसरमा विभिन्न मठमन्दिरको सर सफाइ, २०७०।११।१५ गते गौखुरेश्वर मन्दिर सरसफाइ, २०७०।११।१५ गते ठूलीचौर शिव मन्दिर सरसफाइ, २०७०।११।१५ गते धुलिखेल ब्रम्हकुमारी राजयोग समितिद्वारा आयोजित महाशिवरात्री पद यात्रामा सहभागिता, २०७०।११।१५ गते सेना दिवसको उपलक्ष्यमा टुँडिखेलमा आयोजित विशेष समारोहको धुलिखेलमा प्रत्यक्ष प्रसारण गरेको थियो।

त्यसैगरी गणले आफ्नो जिम्मेवारी क्षेत्रभित्र माइन रिक्स एजुकेशन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसक्रममा जिल्लाको कटुञ्जे गाविसस्थित रोशी उ.मा.वि., शारदा बतासे गाविसस्थित कालिका मा.वि. र धुलिखेल न.पा. स्थित संजिवनी उच्च मा.वि.मा MRED कक्षा सञ्चालन गरेको थियो।



त्यसैगरि २०७१।०२।२२ विश्व वातावरण दिवसको अवसरमा गणले धुलिखेल नगरपालिकास्थित सरस्वती बजारदेखि जनस्वास्थ्य कार्यालयसम्म सरसफाइ गरेको थियोभने जेठ २२ गते पलाञ्चोक भगवती मन्दिर परिसरमा समेत सरसफाइ गरेको थियो। जनहीतकै क्रममा असार २६ गते महादेवस्थान गाविसमा जिल्ला प्रशासन कार्यालय र यस गणको सक्रियतामा एकीकृत घुम्ती शिविर सञ्चालन गरिएको थियो। त्यस्तै साउन १७ गते सरस्वती बजार धुलिखेलमा यस गणको मुख्य आयोजना तथा धुलिखेल जेसिस, धुलिखेल आकाश भैरव क्लवको सह-आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो। संविधान सभा निर्वाचनको दौरान यस गणले २०७०/०७/१४ गते पनौती न.पा., २०७०/०७।२० गते कामीडाँडा, २०७०/०७/२२ गते महादेवस्थानको कुन्ताबेशी, २०७०।०७।२४ गते चौवास, २०७०।०७।२६ गते भिमाखोरी भदौरे र २०७०।०७।२८ गते कानपुर कालापानीमा स्वास्थ्य शिविर सञ्चालन गरेको थियो। सो स्वास्थ्य शिविरबाट स्थानीयबासी लाभान्वित भएका थिए।

## गणमा परिणत हुनु अगाडि यस गणका गुल्मपतिहरू

| सि.नं. | दर्जा | नामथर | अवधी | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १ | उ.से. | श्री भिम बहादुर थापा मगर | | |
| २ | उ.से. | श्री कोमल बहादुर बिष्ट | २०२१/१०/०१ | २०२४/१०/०१ |
| ३ | सह-से. | श्री दिगम्बर शम्शेर ज.ब.रा. | २०२४/०१/०१ | २०२६/०२/०१ |
| ४ | सह-से. | श्री दिल बहादुर खत्री | २०२६/०२/०१ | २०२८/०४/०१ |
| ५ | सह-से. | श्री बाल कुमार खत्री | २०२८/०४/०१ | २०३०/०३/०१ |
| ६ | सह-से. | श्री बाबुराम खड्का | २०३०/०३/०१ | २०३२/०४/०१ |
| ७ | सेनानी | श्री मान बहादुर शाह | २०३२/०४/०१ | २०३३/०७/०१ |
| ८ | सेनानी | श्री कृष्ण बहादुर खड्का | २०३३/०७/०१ | २०३४/०८/०१ |
| ९ | सेनानी | श्री अम्बर बहादुर बस्नेत | २०३४/०८/०१ | २०३६/०८/१५ |
| १० | सेनानी | श्री प्यारजंग थापा | २०३६/०८/१५ | २०३८/०८/०१ |
| ११ | सेनानी | श्री मदनजंग सिजापति | २०३८/०८/०१ | २०४१/०३/०१ |
| १२ | सेनानी | श्री महेन्द्रभक्त बिष्ट | २०४१/०३/०१ | २०४३/१२/०१ |
| १३ | सेनानी | श्री दीपक नरसिंह रायमाझी | २०४३/१२/०१ | २०४६/०३/०१ |
| १४ | सेनानी | श्री रोहित देउजा | २०४६/०३/०१ | २०४८/०४/१० |
| १५ | सेनानी | श्री भरत मल्ल | २०४८/०४/१० | २०५०/११/०१ |
| १६ | सेनानी | श्री सूर्दशन बहादुर खड्का | २०५०/११/०१ | २०५२/१२/२० |
| १७ | सेनानी | श्री यादवध्वज देउजा | २०५२/१२/२० | २०५४/१२/२८ |
| १८ | सेनानी | श्री धुव्र कुमार शाह | २०५४/१२/२८ | २०५७/०१/२१ |
| १९ | सेनानी | श्री रमेशचन्द्र न्यौपाने | २०५७/०१/२१ | २०५८/०९/२४ |
| २० | सेनानी | श्री प्रेमध्वज अधिकारी | २०५८/०९/२४ | २०६०/११/१५ |
| २१ | सेनानी | श्री आनसिंह बिष्ट | २०६०/११/१५ | २०६२/०३/२० |

# सकलदर्जाको हितका लागि स्थायी भौतिक संरचनाहरू

बायो ग्याँस- रु.२,४०,३७०।-, महिला शौचालय -रु.३०,०००।-, खड्ग बार-रु.५०,०००।-, क्याण्टिन-रु.५०,०००।-, बटालियन स्टाफ रुम-५०,०००।-, पदिक मनोरञ्जन हल विस्तार-रु.२५,०००।-, पनौती थल्पु पोष्टमा टहरो निर्माण-रु.५०,०००।-, ग्यारेज निर्माण-रु.५०,०००।-, क्वार्टर गार्ड मर्मत -रु.२५,०००।-, गणपति निवास चौर वृहत्तीकरण -रु.८०,०००।-, ग्राउण्ड बाटो निर्माण -रु.५०,०००।-, ठूलीचौर इलाकामा अब्स्ट्याकल कोर्ष -रु.१,००,०००।-, सामूहिक तालिम इलाका थल्पुमा अब्स्ट्याकल कोर्ष -रु.८०,०००।- र परेड ग्राउण्ड रिटेनिङ वाल -रु.६,००,०००।- गरी जम्मा -रु.१४,८०,३७०।- बराबरको स्थायी प्रकृतिका कार्यहरु सम्पन्न भएका छन्।

## गण निरीक्षणका झलकहरू



प्रधान सेनापति महारथी श्री गौरव शम्शेर ज.ब.रा.
पूर्व प्रधान सेनापति महारथी श्री छत्रमान सिंह गुरुङ
पूर्व पृतनापति उ.र.श्री दमन बहादुर घले
पूर्व पृतनापति उ.र.श्री केशबराज महत
पूर्व पृतनापति उ.र. श्री पूर्णचन्द्र थापा
पृतनापति उ.र.श्री हिमालय थापा
पूर्व पृतनापति उ.र. श्री पूर्णचन्द्र थापा
पूर्व वाहिनीपति स.र.श्री तारा ब.कार्की
नं.२६ वाहिनीपति स.र.श्री अश्मीन कुमार थापा

## गणले गरेका जनहीतका कार्यहरु



## गणमा निर्मित भौतिक संरचनाहरू



वाधापार
जवान भान्छा
बंकर
पानी ट्याङ्की
मोटर ग्यारेज
शौचालय
कोत
जवान भान्छा
ट्रान्समिटर
बायो ग्यांस प्लान्ट
महिला शौचालय
गणपति ग्यारेज
खड्गबार
परेड ग्राउण्ड
स्टाफ घर
पदिक मेस
जवान भान्छा
बाटो मर्मत
परेड ग्राउण्डको रिटेनिङ वाल

## १३४ औं वार्षिकोत्सवका केही झलकहरू



## खेलकुदमा खड्गदल गण



## गणको आन्तरिक स्रोतबाट खरिद सामानहरू



## तालिमका झलक

